# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिसलाई बाँच्नको लागि गास, बास र कपासको आवश्यकतासँगै उसलाई एक सफल जीवन बिताउनको लागि विभिन्न हक अधिकारहरूको आवश्यकता पर्दछ । विभिन्न अधिकारहरू मध्ये सम्पत्ति माथिको अधिकारलाई पनि एक प्रमुख पक्ष मान्न सकिन्छ । सम्पत्ति भएन भने मानिसलाई बाँच्न कठिन हुन्छ । सम्पत्तिको महत्वको सम्बन्धमा अरस्तुले भनेका छन्, “सम्पत्ति मानिसको लागि उत्तिकै आवश्यक छ जति परिवारको आवश्यकछ,” सभ्यता तथा विकासको लागि पनि सम्पत्तिको आवश्यकता पर्दछ । त्यस्तै भोको मानिसबाट समाजको विकास तथा आदर्श नागरिकको आशा राख्न पनि सकिन्न (पौडेल, २०६९/७०) ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये पुरुषको संख्या १,२८,४९,०४१ र महिलाको संख्या १,३६,४५,४६३ पुगेको छ । कुल जनसंख्यामा पुरुषको जनसंख्या ४८.५०% र महिलाको संख्या ५१.५०% रहेको छ (तथ्याङ्क विभाग, २०६८) । परम्परागत रूपमा जातपातको भेदभाव, चाँडो विवाह, छोराको महत्व जस्ता मान्यताका कारणले महिलोका स्तर विकास हुन सकेको छैन । लैङ्गिक भिन्नताका कारण लैङ्गिक असमानता, साधन, स्रोतको अवसरमा कमिका कारण महिलाहरूको स्तर निकै पछाडि रहेको छ । व्यालक ल डिक्सनरीका अनुसार सम्पत्ति शब्दको अर्थ सामान्यता प्रत्येक वस्तुलाई जनाउछ । जौ स्वामित्वको विषय बन्न सक्छ चाहे त्यो भौतिक वा अभौतिक स्पर्श दृश्य वा अदृश्य वास्तविक वैयक्तिक जसको विनिमय सम्बन्धी मूल्य छ वा धन दौलत बनाउने काममा आउँछ जो मूल्यवान् अधिकार वा स्वार्थको प्रत्येक किसिमसम्म विस्तृत भएको र यसले वास्तविक वा वैयक्तिक सन्धि सर्पन मताधिकर र अभौतिक रुपमा प्राप्त सम्पत्तिलाई अंगिकार गर्दछ (कानुन शब्दकोश टोप बहादुर सिंह, पृ ६१०) ।

सम्पत्ति र सामाजिक जीवनका बीच गहिरो सम्बन्ध हुन्छ । सम्पत्तिमा रहने पहँचको अवस्थाले शिक्षा, स्वास्थ्य, रोजगार, सशक्तिकरण लगानी निर्णय अवस्था, राजनितिक तथा सामाजिक सांस्कृतिक व्यवहारमा गहिरो प्रभाव पर्दछ । सम्पत्तिमा पहुँच नभएकै कारण यी अवस्थाबाट मानिस विमुख तथा बहिष्कृत हुन्छ । पश्चिमी समाजका महिलाहरू उत्पादन कार्यमा प्रत्यक्ष संलग्न भई उनीहरू स्वयम् आय आर्जन गर्न सक्ने भएका कारण कम्तीमा

पनि कमाईको परिचालन गर्न सक्ने अवस्थामा ती महिलाहरू छन् । यस अवस्थाले सम्पत्तिमा महिलाहरूको अधिकारलाई धेरथोर स्थापित गर्न सकेको छ तर हाम्रो जस्तो समाज जहाँका महिलाहरूमा प्रशस्त लैङ्गिक विभेद छ, फरक भूमिका प्रदान गरीएको छ, जसको कारण महिलाहरूको पहुँच उत्पादन संयन्त्रमा पुग्न सकेको छैन । जसकै कारण उनीहरूले आफुले कमाई गर्न सक्दैनन् । परिणाम स्वारूप सम्पत्तिको परिचालनमा पनि उनीहरूको पहुच पुग्न सकीरहेको हुदैन । अर्को तिर पितृसतात्मक समाजमा धर्म, सस्कृति तथा परम्परागत मान्यताले गहिरो प्रभाव पारेको छ भने अर्को तिर ती महिलाहरूको सम्पत्तिमा अधिकार तथा पहुँच स्थापित हुन सकिरहेको हुदैन (आचार्य, १९९७) ।

विभिन्न प्रकारका अधिकार र मौलिक हक प्रदान गरेको बैधानिक कानून २००४ लागू भएता पनि महिला सम्बन्धी विशेष व्यवस्था गरेको थिएन । त्यस्तै सम्पत्ति आर्जन गर्ने, उपभोग गर्ने, वेचविखन गर्ने, अधिकारको व्यवस्था अन्तरिम शासन विधान २००७ मा लागू गरिएको थियो तर महिलाको हकमा विशेष व्यवस्था भने गरिएको थिएन । नेपाल अधिराज्यको संविधान २०१५ मा महिला हितमा विशेष व्यवस्था थिएन । मौलिक हकको प्रयोगमा बन्देज लगाउदै “स्वास्नी मानिसको हितको संरक्षण गर्ने” विशेष कानून बनाउन सकिने व्यवस्था पनि गरेको पाईन्छ । संविधानमा समानताको कुरा गरिए पनि व्यवहारमा असमान कानूनहरू निर्माण गरी लागू गरिए । नेपालको संविधान २०१९ ले महिलाको हक अधिकार प्रदान गरेको देखिन्छ । २०४७ को धारा ११ मा नारी र पुरुषलाई समान रूपमा राख्नका लागि समानतको अधिकारको व्यवस्था गरेको थियो । सोहि संविधान धारा १७(१) ले सबै नागरिकलाई प्रचलित कानूनको अधिनमा रहि सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ भन्ने व्यवस्था गरेको थियो । २०४७ संविधान । त्यसै गरी २०७२ को अन्तरीम संविधानले विगतका संविधानको भन्दा अगाडि बढेर संविधानको भाग ३ धारा १८ मा समानताको हक सम्बन्धी व्यवस्था गरेको छ । त्यस्तै उपधारा (५) ले पैतृक सम्पत्तिमा लैगिक भेदभाव बिना सबै सन्तानको समान हकको प्रत्याभूति गरेको छ । उपधारा २५मा सम्पत्तिको हक, उपधारा ३८मा प्रत्येक महिलालाई लैगिक भेदभाव बिना समान वंशीय हकको व्यवस्था गरिएको छ । त्यस्तै उपधारा ४ मा समान कामका लागि महिला र पुरुष बीच समान पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिएको छैन भन्ने व्यवस्था गरेको छ (अन्तरिम संविधान, २०७२) ।

## १.२ समस्याको कथन

नेपालको जनंख्याको ५१.५० प्रतिशत (केन्द्रीय तथ्याङ्क विभाग) रहेका महिलाहरू पुरुष सरह सम्पत्तिमा समान अधिकार नपाएका कारण महिलाहरू राजनैतिक, आर्थिक, सामाजिक अधिकारहरूबाट समेत बन्चित रहेका छन् । नेपाली महिलाहरूको जनजीवन सन्तोषजनक छैन । हरेक क्षेत्रमा महिलाहरू भेदभाव सहन बाध्य छन् ।

अन्ततः महिलाहरूका प्रदत्त अधिकारको बारेमा जानकारी गराउनुका साथै विश्व परिवेश अनुरूप नेपालले पनि परम्परागत कानूनहरूमा रूपान्तरण गर्दै महिलाहरू माथि हुने भेदभाव अन्त्य गर्नका लागि पैतृक सम्पत्तिमा महिलाहरूलाई समान अधिकार प्रदान गरेको र त्यसले महिला उत्थानमा कस्तो प्रभाव पार्ला वा नपार्ला ? पैतृक सम्पत्तिमा महिलाहरूको समान अधिकार कायम किन नभएको होला ? त्यस्तै महिला र पुरुषको सम्पत्तिमा समान अधिकार हँदा त्यसले समाजमा पार्ने प्रभाव बुझ्नका लागि कास्की जिल्लाको पोखरा महानगरपालिकाका वडा नं.६ का शिक्षीत मानिसहरूले कसरी लिएका छन् भनी धाराणा बुझ्ने र समाजमा त्यसको प्रभावका सम्बन्धमा खोज अनुसन्धान हुन नसकिरहेको अवस्थामा यस सम्बन्धी धारणा खोजी गर्न यो अध्ययन गरिने छ । यसैले यस सम्बन्धमा निम्न प्रश्नको उठान गरेर यो अध्ययन तयार पारिएको छ ।

(क) पैतृक सम्पत्तिमा समान अधिकारको सम्बन्धमा सामाजिक धारणा कस्तो रहेको छ ?

(ख) पैतृक सम्पत्तिमा समान अधिकार हुँदा त्यसले समाजमा कस्तो प्रभाव पार्ला ?

(ग) पैतृक सम्पत्तिको समान वितरणले महिला सशक्तिकरणमा टेवा पुऱ्याउला ?

## १.३ अध्ययनको उद्देश्य

(क) पैतृक सम्पत्तिमा समान अधिकाप्रतिको धारणा अध्ययन गर्नु,

(ख) पैतृक सम्पत्तिमा समान अधिकारले पार्ने सामाजिक प्रभावको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

आर्थिक सम्पन्नता नभई मानिसमा इच्छा, चाहाना र आवश्यकता अघि बढाउन कठिन हुने गर्दछ । मानिस भएर बस्न र बाँच्न गास, बास र कपासले मात्रै पुग्दैन । तर अहिलेको युगमा शिक्षा सम्पत्तिमा पहुँच भएन भने समाजमा दोस्रो दर्जाको नागरिक भएर बाँच्नु पर्दछ । नेपाली समाजमा छोरीको जीवन वैवाहिक सम्बन्धमा निर्भर रहने सामाजिक प्रचलन

रहँदै आएको छ। कानूनका दृष्टिकोणले सबै नागरिक समान भए पनि महिला वा छोरी भएकै कारण विभेदपुर्ण व्यवहार हुने गर्दछ। कानून र व्यवहारबीच तालमेल मिलेका देखिदैन। जसले गर्दा कानूनी शासनको प्रत्याभुति हुन सकेको छैन। यस्ता पक्षहरूले समाजमा महिलाहरूको स्थानलाई प्रष्ट पार्दछ। आउँदा दिनहरूमा उनीहरूलाई समान हैसियत प्राप्त गर्न के कस्ता कार्यक्रमहरू सञ्चालन गर्नपर्दछ भन्ने कुराको राज्य एवम् विभिन्न संस्थाहरूलाई आधार बन्न सक्छ। साथै समाजाशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणले पनि यस शोध अध्ययनको औचित्य रहने छ।

परम्परागत मूल्य मान्यतालाई विश्वास गर्ने नेपाली समाजमा महिलाहरू माथि विभेदका क्रियाकलापहरू भइरहेका छन् (थापा, २०६५)। जुनसुकै समाजमा पनि मानवीय आवश्यकता परिपुर्ति गराउनका लागि स्रोत र साधन जुटानु पर्दछ। त्यही क्रममा मानिसल परिश्रम वा अन्य कुनै कामकाज गरी प्राप्त गर्ने चलअचल बस्तुलाई सम्पत्ति भनिन्छ। सम्पत्तिको प्रभाव मानव जीवनमा महत्वपूर्ण हुन्छ। त्यही सम्पत्ति माथिको स्वामित्व सम्वन्धी अधिकार हो त्यस्तो साम्पत्तिक अधिकारबाट कोहि पनि बञ्चित हुनु हुदैन। विगतका दिनहरूमा महिलाहरूलाई शक्ति सम्पन्न बनाउनका लागि सम्पत्तिको अधिकारको व्यवस्था गरिएको र त्यस अधिकार के कस्ता छन्? सम्पत्तिमा महिलाहरूको समान अधिकार कायम किन नभएको होला? समान अधिकारले महिला उत्थानमा कस्तो भूमिका खेल्न सक्छ? महिला पुरुषको सम्पत्तिमा समान अधिकार हुँदा त्यसले समाजमा के असर गर्ला? यसलाई नेपाली समाजले कसरी ग्रहण गर्दछ? भन्ने विषयमा खोज अनुसन्धान गरी त्यसको निचोड पत्ता लगाउनु जरुरी छ। यस विषयमा खोज अनुसन्धान गरी त्यसको निष्कर्ष निकालिने हुँदा यस अध्ययनको औचित्य वर्तमानमा सान्दर्भिक देखिन्छ।

## १.५ अध्ययनको सीमा

कुनै पनि अध्ययन अनुसन्धानका आफ्नै सीमाहरू हुने गर्दछन्। शोध अनुसन्धानका लागि आवश्यक पर्ने स्रोत, साधन र समयले अध्ययनलाई सीमाभित्र ल्याउने काम गर्दछ। यसका साथै कुनै एक स्थानमा सङ्कलन गरिएका तथ्याङ्क र त्यसबाट गरिएको सामान्यीकरणले सबै क्षेत्रलाई समान रूपमा समेट्छ भन्न पनि सकिदैन। प्रस्तावित शोध अध्ययनमा पनि सिमीत समय स्रोत साधनको प्रयोगबाट अध्ययन निष्कर्षमा पुऱ्याउने प्रयास

गरिएको छ । साथै शोधकर्ताका ज्ञानको कमीले केहि कमि कमजोरी पनि हुन सक्दछन् । प्रस्तावीत शोध अध्ययनमा पनि विभिन्न प्रकारका सीमाहरू निर्धारण गरिएका छन् ।

अध्ययनको क्षेत्र छनौट गर्दा अध्ययन कार्यलाई सरलीकरण गर्न, सम्बद्ध गहन विषयलाई प्रभावकारी बनाउन क्षेत्र छनौट गर्नु अपरिहार्य छ । शोधकार्यलाई अन्तिम रूप दिन र सत्य र स्तरीय तथ्याङ्क सङ्कलन गरी निचोडमा पुग्नका लागि अध्ययनका लागि आवश्यक पर्ने व्यक्तिहरूको प्रर्याप्ततालाई ध्यान राखी उनीहरूका माझमा गई तथ्याङ्क सङ्कलन गर्ने, अन्तरवार्ता, अवलोकन, छलफल गर्ने, पत्र पत्रिकामा सम्बन्धित विषयका प्रतिवेदन अध्ययन गर्ने, साधान स्रोत समयावधि जस्ता कारणले अध्ययन क्षेत्र कास्की जिल्लाको पोखरा महानगरपालिका स्थित वडा नं.६ लाई लिइएको छ । त्यसमा पनि शिक्षित क्षेत्रले भरिएको प्रतिनिधित्व रहने हुँदा यस क्षेत्र भित्र रहेको विद्यालय तथा क्याम्पसलाई लिईएको साथै क्षेत्र भित्र रहेका सरकारी कार्यालयका कर्मचारी समेतलाई लिईने छ । अध्ययनको सीमा महिला पैतृक सम्पत्तिमा अधिकार र समाजमा पार्ने प्रभावसँग सम्बन्धित रहने छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको अध्ययन

शोध अनुसन्धान प्रक्रियामा पूर्व साहित्यको अध्ययनले अनुसन्धान शीर्षक छनोट गर्न सद्दत पुग्नुका साथै अनुसन्धान अवधिमा नै मार्गदर्शनको रूपमा कार्य गर्दछ । अघिल्ला अनुसन्धानकर्ताहरूले सम्बधित अध्ययन विषयलाई कतिसम्म अध्ययन गरेका छन् । अझ कति अपुग छ  भन्नेबारे पूर्व साहित्यको समीक्षाबाट ज्ञान हुने गर्दछ । साथै अनुसन्धानकर्तालाई सान्दर्भिक ग्रन्थहरूको अध्ययनले नयाँ ज्ञानको शिरबाट शोध अध्ययनलाई अगाढि बढाउन पनि मद्दत गर्दछ । अनुसन्धान कार्य कहिल्यै पुरा नहुने कार्य हो । त्यसमा पनि समानजशास्त्रीय अध्ययन अनुसन्धानको अन्त्य नै छैन किनकि सामाजिक घटनाक्रमहरू गतिशिल र परिवर्तनशिल छन् । त्यसकारण पहिले गरिएका अध्ययन अनुसन्धानको समिक्षात्मक अवलोकन गर्दै नयाँ ढङ्गले अध्ययन अगाडी बढाउनुपर्ने भएकोले अनुसन्धान शीर्षक अनुसार मिल्दोजुल्दो साहित्यको सिंहावलोकन जरुरी हुन्छ । त्यसैले यस मान्यतालाई ध्यानमा राखेर यस शोध अध्ययनलाई पूर्णता दिने प्रयास गरिएको छ ।

## २.१ सैद्धान्तिक समिक्षा

कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्दा कुन अवधारणासँग मेल गराएर अध्ययन अनुसन्धान कार्यलाई अघि बढाउने हो, सो को बारेमा अध्ययन अनुसन्धान कार्य गर्नुपूर्व नै त्यस कार्यको पूर्व र सैदान्तिक अवधारणाबारे प्रष्ट हुन जरुरी हुन्छ । महिलाको पैतृक सम्पत्ति माथिको अधिकार विशेष गरेर लैङ्गिक विभेदको एउटा जडको रूपमा रहेको छ । उक्त अधिकारको कुरा मार्क्सबादी, महिलावादी सिदान्तमा आधारित रहेर अध्ययन गरिएको छ । यसलाई अझ बढि प्रष्ट पार्नको लागि अन्य केही महिलावादी सिद्धान्तहरूको बारेमा पनि थोरै चर्चा गरिएको छ । अन्त्यमा मार्क्सवादी महिलावादी सिद्धान्तका साथै विकासमा महिला (women in development approach) लाई पनि जोड्न खोजिएको छ ।

### २.१.१ महिलावादी सिद्धान्त

महिलावादी सिद्धान्तले महिला र पुरुषको समाजमा हुने हैसियत र स्थानबारे व्याख्या र विश्लेषण गर्दछ । मानव समाज र संस्कृतिको उत्पत्तिदेखि वर्तमान अवस्थासम्म महिला

सम्बन्धमा भएका सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक व्यवस्थालाई ऐतिहासिक दृष्टिबाट विश्लेषण गर्दछ । सामाजिक र सांस्कृतिक व्यवस्थामा महिला र पुरुषको स्थान र भूमिका सामाजिक सांस्कृतिक असमानताहरू पुरुषबाट महिलामाथि हुने शोषण, दमन र उत्पीडन, राज्यद्धारा अवलम्वन गरिएका कानूनी व्यवस्था र प्रदान गरिएका अधिकार त्यसको सामाजिक प्रभावका बारेमा व्याख्या र विश्लेषण गर्दछ । सोही सन्दर्भमा स्टेभी ज्याक्सन भन्दछन्, "महिलावादी सामाजीक सिद्धान्त महिला र पुरुष बिचको आधारभूत असमानताहरूको सुझबुझ र महिला उपरको पुरुष सत्ता र शक्तिको विश्लेषणसँगै सम्बन्धित छ । महिलावादी सामाजिक सिद्धान्तका मुख्य मान्यताहरू निम्न छन् ।

(अ) महिलाको पराधिनता र उत्पीडनको आधार स्वयम् समाज हो ।

(आ) महिलामाथि हुने विभेद प्रकृति प्रदत नभई सामाजिक हुन्छ ।

(इ) नारीवादी सिद्धान्तहरू वैचारीक आन्दालनका उपज हुन, जुन मार्क्सवादी विचारसँग नजिक छन् । महिलामाथि हुने सामाजिक उत्पीडन पुरुष दमन, महिला मुक्ति, आन्दोलन, राज्यका निति नियम कानून महिला स्वतन्त्रता जस्ता महिलाहरूको बहुआयामिक पक्षसँग सम्बन्धित विषय वस्तुहरूको व्याख्या गर्ने विचार गर्ने र अवधारणाहरूको विकास भएको छ, जसमा अहिलेसम्म मूलतः चार ओटा सिद्धान्त बढि प्रचलनमा रहेका छन्,

क) उदारवादी महिलावाद

ख) मार्क्सवादी महिलावाद

ग) समाजवादी महिलावाद

घ) आमूल महिलावाद

समाजमा रहेका प्रत्येक तहमा लैङ्गिक असमानता रहेको छ । जुन समाजको सामाजिक संगठन कै परिणति हुन् । यिनलाई जैविकीय र मनोवैज्ञानिक पक्षलाई जिम्मेवार कारक तत्व मानेर अध्ययन गरिन्छ । यस्तो विभेदहरूको कारक तत्व समाज नै हो । त्यस्ता लैङ्गिक असमानताको व्याख्या गर्ने सिद्धान्त संक्षेपमा चर्चा गर्नु सान्दर्भिक हुनेछ (Ritzer, 1996)।

## २.१.२ मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पत्ति र विकासका सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्गेल्सको कृति (Origin of the family, private property and state (1884) लाई लिन सकिन्छ। जसमा समाजमा रहेको लैङ्गिक विभेदको कारक तत्वहरू र विश्लेषणका तरिकाहरूको

उल्लेख गरिएको छ। वास्तवमा भन्ने हो भने मार्क्सवादी महिलावाद वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिलाहरूको दमन, विभेद, असमानता जस्ता पक्षहरूलाई हटाउन सकिन्छ भन्ने सोचाई राख्दछ। यस प्रकारको महिला माथिको दमन, अत्याचार तथा शोषण खासगरी पितृसत्ता र पुँजीवादी संरचनाबाट भएको निष्कर्ष मार्क्सवादी महिलावादीहरूको रहेको छ । समाजमा उत्पन्न हुने समस्त वर्गीय द्वन्द्व अथवा सामाजिक द्वन्द्व सिर्जना गर्ने कारक तत्वका रूपमा समाजमा रहेको शासकिय वर्गको प्रवृतिलाई मुख्य पक्ष मान्ने मार्क्सवादी महिलावादले समाजमा रहेका प्रत्येक तहका असमानता र विभेदको जड मुख्य गरी पुँजीवादी सोचाईलाई मान्दछ । मार्क्सवादी महिलावादमा विश्वास राख्ने सबै विचारकहरूले लैङ्गिक विभेदलाई कुनै जैविकिय पक्ष नमानी सामाजीक र आर्थिक पक्षलाई मुख्य कारक तत्वका रूपमा व्याख्या र विश्लेषण गर्दछ । परिवारदेखि नै यस्तो विभेदले सामाजिक मान्यता पाएको उल्लेख उनीहरूले गर्दछन्, (आचार्य, २०७२) ।

पुँजीवादी उत्पादन प्रणालीमा पुँजीपतिहरूले महिलालाई सन्तान उत्पादन गर्ने साधनका रूपमा लिने गरेको, कम बेतनमा परिवार स्तरबाटै शोषण गर्ने गरिएको, विज्ञापन र प्रचारमा महिलाहरूको शोषण गरिएको जस्ता अवस्था देखिएकोमा त्यसको अन्त्य गर्नु पर्ने कुरामा जोड दिईएको छ। सम्पूर्ण अवस्थाहरू सृजना हुनुमा मार्क्सवादी महिलावादका अनुसार कुनै जैविकिय र आन्तरीक कारण नभई महिला र पुरुष बिच असमान विभेदपूर्ण शक्ति सम्बन्धको अवस्थामा आर्थिक, सामाजिक रूपले महिलाहरू पछि परेका छन् त्यस्तै हरेक निर्णय प्रक्रिया प्रजनन् अधिकार तथा सम्पत्ति र स्वतन्त्रताका कुराहरूमा महिलाहरूले पुरुष सरह प्राप्त गर्नका निम्ति शक्ति सम्बन्धको विवेचना गर्दै साधन र स्रोत तथा व्यक्तिगत सम्पत्तिमाथि रहेको असमानतालाई नहटाई समाजमा लैङ्गिक असमानता हट्न सक्दैन । केहि विद्धानहरू मार्क्सवादी महिलाहरूको आलोचना गर्दै बढि आर्थिक पक्षलाई उजागर गरे पनि सामाजिक सांस्कृतिक पक्षलाई उजागर गर्न नसकेको आरोप लगाउछन्। समाजमा व्यक्तिगत सम्पत्तिको अन्त्य नगरेसम्म लैङ्गिक विभेदलाई फरक पार्ने भएकाले सामाजिक तौरतरीकाबाट विभेदको जरो खोज्नु पर्ने धारणा छ, (Ritzer, 1996 ) ।

### २.१.३ समाजवादी महिलावाद

समाजवादी महिलावादीहरूले पुँजीवादी उत्पादन सम्बन्धले पुरुष कामदारको श्रमको शोषण मार्फत महिलाको पनि शोषण गर्दछ भन्दछन्। महिलालाई नाफाको अतिरिक्त र सुलभ स्रोतको रूपमा कार्यमा संलग्न गराउन सामन्ती पुँजीवाद परस्त संस्कृति पनि त्यतिकै जिम्मेवार

छ । आधुनिक पुँजीवादी समाजले महिलाहरूलाई फेशनका वस्तुहरू सौन्दर्य प्रशाधन गर्ने उपभोग्य वस्तुका रूपमा स्थापीत हुन विवश बनाएको छ । समाजवादी महिलावादीहरू समाजको सामाजिक र सांस्कृतिक संरचनाका कारणले यस्तो भएको हो भन्दछन् ।

समाजवादी महिलावादीहरू समाजमा रहेको सबै प्रकारका अन्यायको खोजीलाई जोड दिँदै सबै प्रकारका दमन र अत्याचारका विरुद्धको संघर्ष गर्दै काममा व्यक्तिगत स्वतन्त्रतालाई जोड दिन्छ । त्यस्तै उत्पादन व्यवस्थाको पुनः संरचनाबाट सामाजिक समानता कायम गर्न सकिने धारणा राख्दै पितृसत्ता मात्रै लैङ्गिक विभेदको कारक नभई प्राचीन समयमा पनि असमानताहरू थिए जुन बेला निजी सम्पत्तिको अवधारणा विकास भएको थिएन भन्ने मार्क्सवादी विश्लेषण भन्दा फरक तरिकाले विश्लेषण गर्न खोजेको छ, (Ritzer, 1996)।

नेपाली समाजमा महिला अधिनता र पितृसत्तात्मक पारिवारिक संरचना बीचको सम्बन्ध अध्ययन नामक शोधमा पितृसत्तात्मक समाजमा सामाजिक संरचना नै असमानता घुसेको हुन्छ अर्थात संरचनागत असमानता विद्यमान रहेको हुन्छ । नेपाली समाज पितृसत्तात्मक प्रकृतिको भएकोले महिला र पुरुषबीच असमान शक्ति सम्बन्ध रहेको हुन्छ भन्ने कुरालाई जोड दिएर महिला हिंसालाई जोड दिईएको पाईन्छ, (पौडेल, २०६०) ।

वर्ग संघर्ष तथा महिला पुरुषबीचका सम्बन्ध दुबैलाई महिलाको शोषणमा जिम्मेवार मान्दछन् । लिङ्गको आधारमा श्रम विभाजन हुन नहुने र समानतामा विश्वास गर्दछन् । समाजवादी नारीवादी लैङ्गिक दमनको अन्तर्गत एक लोकप्रिय पक्ष हो । यसले आमूल नारीवाद र मार्क्सवादी अन्तगर्तको लैङ्गिक उत्पीडन दमनलाई संश्लेषणात्मक विश्लेषण गरी महिलाले भोग्नु परेका अधिनता विभिन्न ठाउँ तथा परिवेशमा के कति समान वा असमान छ भन्ने कुराको मापन गर्न चाहान्छ । यसलाई महिलावादीहरू महिलाको दमन र पुँजीवादी पितृसत्ताका नाममा संकेत गरेको पाईन्छ । वास्तवमा समाजवादी नारीवादले वर्ग एंव लैङ्गिक दमनलाई मात्र हेरिनु हुँदैन किनकी समाजमा दमनका विभिन्न स्वरूपहरू विभिन्न वर्गमा फरक फरक ढङ्गबाट अन्तर निहित भएर रहेका हुन्छन् । त्यसले समाजमा विभिन्न जातिय, प्रजातिय, धर्म, उमेर, लिङ्ग र यौनिक रुचि विश्वव्यापी रुपमा विश्लेषण गरीनुपर्छ भन्ने कुरालाई समाजवादिहरूले जोड दिन्छन्, (अर्याल, २०६३ ) ।

समाज विकासको पूर्वकालखण्डमा मातृसत्तात्मक समाज थियो । समाज विकासको दौरानमा महिलाको भूमिका पारिवारिक रूपमा नै कमजोर हुँदै गएपछि सम्भवत पितृसत्तात्मक समाजको विकास भएको हुन सक्दछ । वर्तमान परिप्रेक्षमा विकसित मूलुकमा लैङ्गिक

असमानताको खाडल केही हदसम्म पुरिदै गएपनि पूर्ण रूपमा समान समाज बन्न सकेको पाईदैन । समाज विश्लेषकको भनाईमा प्राकृतिक रूपमा लैङ्गिक विभेद नभए पनि सामाजिक रूपमा मात्र लैङ्गिक विभेदको जन्म हुने गर्दछ । आजको महिलाको दयनीय अवस्था हुनुमा वर्तमान समाजको भूमिका मात्र हावी नभएर यहाँको उत्पादन प्रणालीको जिम्मेवारी रहेको छ । सामन्ती उत्पादन प्रणालीमा महिलालाई केवल पुरुषका सहयोगि मात्र हुन सक्छन् । पतिको अनुपस्थितिमा कुनै पनि निर्णय गर्न नसक्ने अवस्था रहन्छ, (ढुङ्गेल, २०१४) ।

विकासमा महिला अवधारणाको विकास Easter Boseup ले सन् १९७० मा “Women’s Rple in Economics Development” प्रकाशीत गरेपछि आएको हो । महिला उत्थान र विकासका लागि महिलाको उत्पादकत्व र आर्थिक बृद्धिमा ध्यान दिनुपर्ने कुरालाई Women in Development ले प्रष्ट्याएको छ । महिलालाई शिक्षा र रोजगारका अवसर बढाउनुपर्छ । परिणामत उत्पादन र आयमा बृद्धि भई गरिबी हटाउन मद्दत गर्दछ । महिला स्वस्थ्य र महिला शिक्षामा गरिएको लगानीले विकासका समग्र पक्षमा प्रभाव पार्दछ । महिलाले योगदान दिनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गर्दै उनीहरूको भुमिका र आवश्यकतालाई उजागर गर्दछ । जाति, वर्ग र संस्कृतिका आधारमा भेदभाव नगरी समानताको आधारमा महिलाको विकासमा जोड दिनुपर्ने जस्ता पक्षमा Women in Development Approach ले जोड दिन्छ, (भट्टराई, २००६) ।

सन् १९९५ मा बेईजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिला समानताको लागि घोषणा गरेको रणनितिहरू, लैङ्गिक दृष्टिकोणलाई हरेक योजना, कार्यक्रम, कार्यान्वयन र मूल्याङ्कनमा समावेश गरिनुपर्दछ जस्ता विशिष्ट कार्यक्रम तथा क्रियाकलाप हुन, (भट्टराई, २००६) ।

आर्थिक विकासमा महिला सहाभागिताको प्रभावकारी बहस र कार्यान्वयनको शुरुवात सन् १९६० देखि ७० को दशकमा भएको हो । विकासमा महिला (WID) अवधारणाको महिलाहरू आर्थिक विकासका निश्क्रिय सहभागि हुन् भन्ने मान्यताको आलोचना गर्दै डेनिस अर्थशास्त्री इस्टरबोसेरपले सन् १९७० मा महिलाहरू आर्थिक विकासका निस्क्रिय नभइ सक्रिय सहभागी हुन् भन्ने तर्कमा जोड दिँदै आर्थिक विकासमा महिला सहभागिता (Women’s Role in Economics Development) पुस्तक प्रकाशित गरिन् । बोसेरपको यो तर्कलाई आत्म साथ गर्दै विकासमा महिला अवधारणालाई पुनर्विचार गरियो र महिलाहरू आर्थिक विकासका सक्रिय सहभागी हुन् भन्ने मान्यतालाई स्वीकार गर्दै विकास र महिला अवधारणा ल्याइयो र यस

पश्चात लैङ्गिकताका आधारमा आर्थिक विकासका हरेक तह र तप्कामा पुरुष सरह महिलाहरूको पनि समान सहभागिता हुनुपर्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै लैङ्गिकता र विकास अवधारणा ल्याईयो । लैङ्गिकता र विकास अवधारणाले महिला विकासको प्रक्रियामा देखिने सम्पुर्ण चुनौतिहरूको पहिचान, संबोधन र समाधान गर्दै महिला सशक्तिकरणको क्षेत्रमा अघि बढ्नु पर्नेमा जोड दिन्छ, (भण्डारी, २०१८) ।

विश्वका सबैजसो विकसित तथा विकासशिल मुलुकहरूमा परम्परादेखि नै महिला र पुरुषबीच लैङ्गिकताका आधारमा असमानता तथा विभेधात्मक कार्य विभाजन रहँदै आएको पाईन्छ । यस्तो असमान कार्य विभाजनले घर बाहिरको काममा पुरुषको सहभागिता हुनुपर्छ र घरभित्रको काममा महिला सहभागिता हुनुपर्छ भन्ने मान्यता राख्दछ । यद्धपि विश्वव्यापी रूपमा विस्तारै यस्तो मान्यतामा परिवर्तन आइरहेको र घरबाहिरको क्षेत्रमा महिला सहभागिता बढ्दै गइरहेको छ तर बिडम्बना, विश्वमा विभिन्न समयमा गरिएका अनुसन्धानका तथ्याङ्कहरूले जुन गतिमा घर बाहिरको क्षेत्रमा महिलाहरूको सहभागिता बढि रहेको छ त्यहि गति तथा तुलनामा घरभित्रको क्षेत्रमा पुरुषहरूको सहभागिता बढ्न नसकेको देखाएका छन् । यसबाट प्रष्ट रूपमा महिलाहरू घर भित्र र घरबाहिरको दोहोरो कामको मारमा परेको बुझ्न सकिन्छ । सन् १९९५ मा UNDP ले निकालेको मानव विकास प्रतिवेदन सन् २०१३ मा Action Aid नेपाल, केन्या, नाइजेरिया र युगान्डामा गरेको अनुसन्धान र सन् २०१७ मा IDS ले नेपालको सुर्खेत र जुम्ला जिल्लामा गरेका अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरूले घरव्यवहार व्यवस्थापनका काममा पुरुषको तुलनामा महिला सहभागिता सामान्य भन्दा निकै बढि रहेको देखाएका छन्, (पूर्ववत) ।

यस्तो दोहोरो कामको बोझको कारण महिलाहरूको धेरैजसो समय यिनै काममा बित्ने हुनाले यसले महिलाहरूको विकास तथा सशक्तिकरणमा प्रत्यक्ष प्रभाव पारेको पाईन्छ । धेरै काम र समय अभावका कारण महिलाहरूमा पढ्ने समय निकाल्न नसक्ने, पढाई पुरा गर्न नसक्ने, क्षमता बृद्धिका तालिम तथा प्रशिक्षणमा सहभागिता हुन नसक्ने, आर्थिक आम्दानी हुने कामको अवसर गुमाउनु पर्ने, अनौपचारीक क्षेत्रका झन्झटिला र खतरायुक्त काम गर्नुपर्ने आदि चुनौतिबाट गुज्रिरहेका छन् तर बिडम्बना एकातिर महिलाहरू दोहोरो कामको बोझले थलिएका छन् भने अर्को तिर महिलाहरूले गर्ने कामलाई आर्थिक रूपले अनुत्पादक श्रमका रूपमा लिइन्छ र आर्थिक अवमुल्यन गरिन्छ । साथै राष्ट्रिय तथ्याङ्क व्यवस्थापन (SNA) मा गणना गरिदैन र कुल ग्रास्थ उत्पादन (GDP) मा जोडिदैन । महिला श्रमको अवमुल्यनका

कारण उनीहरूले जति समय खर्चे पनि र जति दुःख तथा श्रम गरे पनि आफ्नो नाममा कुनै आम्दानी गर्न नसक्ने र सधै पुरुष तथा परिवारमा आश्रित भएर निरीह जीवन निर्वाह गर्न बाध्य हुनु परेको छ । यिनै विविध काराणहरूले गर्दा श्रम बजारमा महिला सहभागितामा चुनौति देखिएका छन् । जसको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव देशको विकासमा पर्ने देखिन्छ । यस्ता चुनौतिहरूको शुक्ष्म अध्ययन र प्रभावकारी साधनको खोजि गरी राष्ट्र निर्माणमा सक्रिय महिला सहभागिता गराउने उपाय पहिल्याउनु आजको प्रमुख प्राथमिकताको विकास बनाईनुपर्दछ, (पूर्ववत) ।

लैङ्गिक समानता कायम गर्नका लागि महिला र पुरुष बीच कुनै पनि किसिमको विभेद हुनुहुदैन अर्थात सामाजिक सांस्कृतिक तथा राजनितिक अधिकार सबै व्यक्तिले समान ढङ्गले प्राप्त गर्न सकेको खण्डमा समानता हासिल हुन सक्छ । सम्पत्तिले मानिसको स्तर निर्धारण गर्दछ र एउटा मानिस चाहे त्यो महिला होस् वा पुरुष ऊ समाजमा मान र प्रतिष्ठाका साथ बाँच्नको लागि उसलाई सम्पत्तिमाथिको पहुँच हुन आवश्यक हुन्छ । आज महिलाहरूमाथि हुने गरेका विभिन्न हत्या हिंसा, दमन उत्पीडन जस्ता कुराहरू पनि महिलाहरूको सम्पत्तिमाथिको अधिकार वा पहुँच नभएर नै हुने गर्दछ । त्यसैले पैतृक सम्पत्तिमा महिलाहरूको समान अधिकार हुनुपर्ने देखिन्छ । देश विकासमा महिला र पुरुष दुबैको समान सहभागिता हुनुपर्दछ । घर भित्रका अनुत्पादक काममा मात्र सीमित रहेका महिलाहरूलाई विकासको मुल धारमा ल्याउनुपर्दछ ।

मार्क्सवादी महिलावादी व्याख्यामा समाजको यथार्थतामा बसेर लैङ्गिक भूमिका र अवस्थाका बारेमा प्रकास पार्न खोजिएको छ । सम्पुर्ण सामाजिक व्यवस्था भित्रको यथार्थ जटिलताभित्रै बसेर मात्र लैङ्गिक विश्लेषण गर्न सकेमा मात्र महिलाका यावत पक्षका बारेमा वास्तविकता बुझाई हुन सक्दछ भन्ने मान्यता रहेको छ । सिद्धान्तभित्रको ग्यापलाई अध्ययनको अन्तिम निष्कर्षले पुरा गर्न सक्दछ ।

## २.२ पूर्वसाहित्यको स्थलगत समीक्षा

विश्वव्यापी रूपमै पुरुषको तुलनामा महिलाहरू विभिन्न अवसरहरूबाट बञ्चित रहेको पाईन्छ । जसमध्ये सम्पत्तिको उपभोग गर्न नपाउनु महिलाका आर्थिक अधिकार माथिको एउटा विभेद हो । स्रोत र सम्पत्तिमाथि व्यक्तिले आफु अनुकुल प्रयोग पाउने हक र त्यसमा अन्तर्निहित उसको व्यक्तिगत संस्थागत शक्ति सम्बन्धी नै सम्पत्तिमाथिको अधिकार हो । पश्चिमा समाजका

महिलाहरू उत्पादक कार्यमा प्रत्यक्ष रूपमा बढि संलग्न हुने हुदा केहि बढि मात्रामा महिला अधिकार स्थापित भएको देखिन्छ भने विकाशोन्मुख मुलुकहरूमा अधिकांश महिला सम्पत्तिको उपभोग, परिचालन तथा नियन्त्रण सम्बन्धी अधिकारबाट कुण्ठीत भएको पाईन्छ । नेपालमा सम्पत्तिमा महिला अधिकार सम्बन्धमा अंश सम्बन्धी कानून पहिलो पटक बि.सं. १९१० को मुलुकी ऐनमा व्यवस्था गरिएको थियो । जसमा ३५ वर्ष उमेर पुगेका अविवाहिता छोरीले अंश पाउने व्यवस्था गरेको थियो । बि.सं. १९९२ मा संशोधन भई विवाह भएमा दाइजो पाउने अंश नपाउने व्यवस्था गरियो । बि.सं. २०२० सालमा आएको नयाँ मुलुकी ऐनले पनि सोहि व्यवस्थालाई निरन्तरता दिँदै ३५ वर्ष उमेर पुगेकी छोरीले मात्र अंश पाउने तर विवाह भएमा फिर्ता गर्नुपर्ने प्राबधान राखेको पाईन्छ । ०५९ सालमा मुलुकी ऐनको १२ औं संशोधनमा छोरीलाई पैतृक सम्पत्तिमा समान अधिकार प्रदान गर्ने व्यवस्था कानूनी रूपमा गरियो । नेपालको जीवनस्तर मापन सर्वेक्षणको तथ्याङ्कअनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने १८ प्रतिशतले र सुगममा बस्ने २० प्रतिशत महिलाको अचल सम्पत्तिमा अधिकार रहेको देखिन्छ । हाल २६ प्रतिशत महिलाहरूको नाममा घरजग्गाको स्वामित्व रहेको छ । विगतका दिनमा भन्दा अहिले आर्थिक कारोबारमा महिला सहभागिता बढ्दै गए पनि व्यवहारीक रूपमा पैतृक सम्पत्तिमा अधिकार प्राप्त गर्ने महिलाको संख्या अत्यन्त न्यून रहेको छ । नेपाल पक्ष राष्ट्र भएको मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले महिलाहरूलाई पुरुष समान अधिकार प्राप्त गर्ने, उपभोग गर्ने, लिङ्गका आधारमा समान हैसियत प्राप्त गर्ने अधिकार प्रदान गरेका छन् । सन् १९९५ मा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिलाहरू आर्थिक रूपमा सक्षम हुनका लागि सम्पत्तिको मालिक हुनुपर्ने कुरामा जोड दिएको थियो, ( आचार्य, २०४७) ।

वर्तमान नेपालको संविधानले सम्पत्तिमा सबै छोरा छोरीलाई समान हक प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुने, लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुने व्यवस्था गरिएको छ । लैङ्गिक न्यायका लागि सर्वोच्च अदालतबाट विभिन्न समयमा छोरीलाई अंश प्रदान गर्ने सम्बन्धी फैसलाहरू भएका छन् । सम्पत्तिमा महिलाको पहुँच बढाउन सरकारले आर्थिक वर्ष २०६१/०६२ बाट राजस्व छुटको व्यवस्था गरेको छ । महिलाको नाममा स्वामित्व प्राप्त हुने गरी घरजग्गा पास गरेमा रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट हुने व्यवस्था छ, हिमाली क्षेत्रको हकमा ५० प्रतिशत र एकल महिलाको नाममा पास गरेमा ३५ प्रतिशत छुट हुने कानूनी व्यवस्था गरिएको छ । त्यसै गरी सम्बन्ध विच्छेद

भएकी महिलाले श्रीमानको सम्पत्तिको ५० प्रतिशत पाउने व्यवस्था पनि रहेको छ। सम्पत्तिमा महिलाको अधिकार संबैधानिक तथा काजूनी रूपमा उद्घोष भए पनि व्यवहारमा लागू हुन सकेको छैन। देशको कुल जनसंख्याको आधा भन्दा बढि हिस्सा ओगटेको नेपाली महिलाहरूको सम्पत्तिमा ज्यादै न्यून पहुँच छ। दक्षिण एशियामै प्रगतिशिल मानिएका हाम्रा कतिपय कानून लिखित कागजी दस्तावेजका रूपमा मात्र सीमित छन् भन्दा अन्युक्ति नहोला एकातिर कानूनी अधिकारका बारेमा सबै महिला सुसुचित हुन सकेको छैन भने अर्कातिर दाजुभाईसँगको सम्बन्ध बिग्रने डरले पनि धेरै महिला प्रैतृक सम्पत्तिमा दावी गर्न सक्दैनन्। नेपाल प्रहरीको तथ्याङ्क अनुसार पैतृक सम्पत्तिमा दावी गर्ने महिलाहरूका मुद्दा अत्यन्त कम आउँछन्। छोरालाई वंश सम्झने हाम्रो सामाजिक मानसिकताले विवाह पश्चात छोरी प्रतिको कर्तव्य सकिएको ठानिन्छ। सामाजिक सुरक्षाको उचित प्रवन्ध नहुनाले छोरालाई बुढेसकालको सहाराका रूपमा लिइन्छ भन्ने त्रास पनि कतिपय व्यक्तिहरूमा भएको पाईन्छ। वर्षौदेखि जरा गाडेर बसेको लैङ्गिक विभेद असमान सामाजिक संरचनाले गर्दा आर्थिक, सामाजिक स्रोत साधान पुर्ण रूपमा उपभोग गर्न सक्ने अवस्था महिलाहरूमा छैन। महिलाहरू स्वतन्त्र हुन नसक्नुको एउटा कारण सम्पत्तिमा पहुँच र नियन्त्रण नहुनु हो।

संविधान तथा कानून प्रद्धत सम्पत्तिमा महिलाहरूका अधिकारलाई व्यवहारीक रूपमा कार्यान्वयन गर्न जरुरी छ। यसका लागि समुदाय, संगठन तथा विद्यालय तहमा छलफल र सचेतना मुलक कार्यक्रम सञ्चालन गर्न सकिन्छ। महिलाको स्वमित्वमा घरजग्गा पास गर्न सकरात्मक ढंङ्गले प्रोत्साहन गर्ने तथा रजिष्ट्रेसन शुल्कमा छुट बढाएमा सम्पत्तिमा स्वामित्व बृद्धि हुनुका साथै उद्यमजन्य क्रियाकलापमा महिलाको सहभागिता बढ्छ। विद्यमान विभेदजन्य सामाजिक संरचनामा परिवर्तन ल्याउन अभियानमुलक ढंङ्गले कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ। शिक्षा रोजगारी तथा आर्थिक क्रियाकलापमा महिलाको संलग्नता बढाउने गतिविधिहरू सञ्चालन गर्नु पर्छ, जसले गर्दा महिलाहरूको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार आई दिगो विकासमा समेत सघाउ पुग्न सक्छ। सम्पत्तिमा महिलाको अधिकार र स्थापित हुनु भनेको महिलाको आर्थिक तथा सामाजिक सुरक्षामा सुनिश्चितता हुनु हो। यसर्थ बेइजिङ सम्मेलन भनेजस्तै महिलालाई सम्पत्तिको मालिक बनाउनका लागि समान आर्थिक अधिकार र हैसियत प्रदान गर्नुपर्दछ, जसले लैङ्गिक समानता महिला सशक्तिकरण र सामाजिक समृद्धि हासिल गर्न सहयोग पुग्दछ। महिलाहरूलाई आर्थिक रूपमा सवल बनाउनु भनेको पारिवारीक, सामाजिक र राष्ट्रको समृद्धि र समुन्नतिमा टेवा पुऱ्याउनु हो। यसर्थ

आर्थिक स्रोत साधन उपभोगमा पहुँच र नियन्त्रण कायम गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि समुदाय स्तरबाटै उत्पादनमुलक क्रियाकलापमा महिलाहरूको सहभागिता बढाउन सम्बन्धीत सबै सरोकारवालहरूबाट पहल हुनु जरुरी छ। व्यवहारीक रूपमा सम्पत्ति र स्रोत साधनमा लैङ्गिक तथा सामाजिक न्याय कायम गर्दै समानता तर्फ अगाडि बढ्नु वर्तमान समयको आवश्यकता हो।

इतिहासबाट प्रष्ट हुन्छ कि मानवीय सभ्यताको सुरुवातको अवस्थामा सामाजिक उत्पादनमा मुख्य भूमिका निर्वाह गर्ने वर्ग वा सामाजिक समुह नै कालान्तरमा उत्पादन आफ्नो नियन्त्रणमा लिन्छ । कुनै समय मातृ प्रधान समाज थियो यस अन्तर्गत महिलाहरू नै उत्पादनको नियन्त्रण गर्दथे, महिलाहरू नै समाजमा मुख्य भूमिका निर्वाह गर्दथे । पुरुषहरू मनोरञ्जनका लागि जंगलमा घुमफिर गरिहिड्थे । फेरी समय फेरीएर आयो समाज पुरुष प्रधान समाज भयो यस अन्तर्गत उत्पादनको मुख्य भूमिका पुरुषको हातमा आयो किनकि त्यसबेलामा उत्पादनका साधनहरू भाला, तिर, धनुष थिए। जसमा मुख्य भूमिका पुरुषहरूले निर्वाह गर्दथे, (मार्क्स, एंगेल्स र अन्य, २०५७)।

छोरी र बुहारीमा आकाश जमिनको फरक हुन्छ। त्यहि महिला माइतीमा छोरी हुदा स्नेह र सम्मानको पात्र बन्छिन् भने बुहारी हुनासाथ पतिको घरमा दाइजो र कोसेली कति ल्याई भन्ने कुराले गुणको नापाजोखा गरिन्छ। बुहारीको रूपमा रहँदा बढि दोष दृष्टिले हेरीन्छ भने छोरी हुँदा बढि गुण्ले युक्त भएको मानिन्छ । सन्तान उत्पदनमा पनि छोरी पाउने बुहारीलाई हेला गरीन्छ भने छोरा पाउने बुहारीलाई अरुको तुलनामा कम हेला गरिन्छ।

आम रूपमा नेपाली समाजको व्यवहार र मनस्थिति माथि वर्णन गरिए अनुसारकै हुन्छ। महिला प्रतिको धारणा नेपालमा कहिले देखि यस्तो विभेदकारी भयो भनेर हेर्दा यसको सुरुवातको कुरा केहि पाइदैन । यसमा पौराणिक काल, ऐतिहासिक काल र वर्तमानमा महिलाप्रतिको धारणा र व्यवहारलाई हेर्नु पर्दछ। पौराणीक कालमा महिलाहरूलाई शक्तिका प्रतिक बनेका र सम्पुर्ण जगतको प्रतिपालन गर्ने नै महिलाहरू हुन भन्ने देखिन्छ । तर सर्वसाधारण महिलाहरूले चाँहि दुःखको जीवन जीउन परेको देखिन्छ । वर्तमान अवस्थामा आईपुग्दा त झन महिलाहरूको सामान्य मानवअधिकारको पनि रक्षा हुन सकेको देखिदैन । यसो भनेर वर्तमान अवस्थामा महिलाहरूको अवस्था साँच्चै गएगुज्रेको भयो त ? भन्ने प्रश्न गर्दा सरकारमा, मन्त्रीपरिषदमा ठूलो संख्यामा संसद, उपसभामुख जस्तो पदमा पार्टिका कार्यकारणी पदमा र सरकारी संरचनाका अन्य पदहरूमा, शिक्षक पदमा, गैरसरकारी पदमा

महिलाहरूको प्रभावकारी रूपमा नभएका होईनन् । आम रूपमा सम्पुर्ण महिला समाजको उन्नती, प्रगति एवम् शसक्तिकरण हुन चौतर्फी रूपले महिला समाजको उत्थान गर्ने कार्यको थालनी हुनु पर्दछ । यस्तो चौतर्फि उत्थान भन्नाले शिक्षा, स्वास्थ्य, मानवअधिकार, सम्पत्तिको स्वामित्व, कानूनी अधिकार, समानता, विभिन्न अवसरमा समान पहुँच, पुरुष समाजले हेर्ने दृष्टिकोण, बानी व्यबहार, महिलाप्रतिको मनोविज्ञान आदि सबै क्षेत्रमा सर्वव्यापी रूपले महिलाको पक्षमा परिवर्तन ल्याउने कार्यक्रमहरूको चौतर्फि थालनी हुनुपर्दछ (ओझा, २०६७) ।

आरक्षणले वा एक, दुईओटा पदमा उच्चस्तरमा महिला पुग्दैमा महिला समाजको उन्नति सम्भव छैन । एसियाका भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाजस्ता देशहरूमा राष्ट्रपति र प्रधानमन्त्रीको पदमा निर्वाचनबाट महिलाहरू पुगेर पनि त्यहाँको महिलाहरूको अवस्थामा नाटकिय परिवर्तन आउन सकेको छैन । आरक्षण गर्ने, उच्च तहमा महिलालाई सहभागि गराउने लगायतका विभिन्न उपायहरूका साथसाथै राज्यका सबै कार्यक्रमहरूबाट महिला उत्थानको व्यवस्था गर्नुपर्दछ । एक, दुईओटा वा अन्य कुनै छुट्टै कार्यक्रमले मात्र सम्पुर्ण महिला समाजको उत्थान हुन सक्दैन । त्यसैले राज्यको सम्पुर्ण योजना र कार्यक्रमहरूले महिला उत्थानमा जोड दिने निती अवलम्बन गर्ने र सोहि अनुसार कार्यान्वयन गर्ने गरेको खण्डमा मात्र बिकास सम्भव हुन्छ, (ओझा, २०६७) ।

बाबुको मृत्यू पछि छोराको अंश हक हुने हुदा जीवित स्वास्नीले छोरा सरह अंश पाउने छोराको विवाह नभएको भए विवाह गरी अंश भाग चलाउँदा अविवाहित दिदी बहिनी भए छोरा सरह अंश दिने र एक चौथाई छोरीको विवाह खर्च पर सार्नु पर्ने व्यवस्था थियो, (श्रेष्ठ, २०५०) ।

हिन्दू उत्तराधिकारी ऐनले पुत्रीलाई पुत्र बराबरमा राखेको दुबैले समान सम्पत्तिको अधिकार पाएको छ । यस ऐन भन्दा पहिला स्त्रीलाई यस्तो अधिकार थिएन (श्रेष्ठ, २०५०) ।

## २.३ नीतिगत समीक्षा

मानव सभ्यताको सुरुवातसँगै कुनै न कुनै रुपमा सम्पत्ति आर्जन गर्ने कुराको थालनी भएको भौतिक चिज वा वस्तुको प्रयोगले नै मानव जीवन सार्थक भएको मानवीय आवश्यकता पुरा गर्न पनि सम्पत्ति आवश्यक हुने त्यस्ता आवश्यकीय वस्तुहरू माथि स्वामित्व निर्धारण गर्ने भोग चलन नियन्त्रण गर्ने जस्ता कुराहरू साम्पतिक विषय बन्दछन् । सम्पत्ति भन्नाले

साम्पतिक अधिकारलाई जनाउँछ । प्राचीन समयमा हिन्दु धर्म अनुसार जग्गा, जमिन, सुन, चाँदि, चिजविज, साम्पतिक वस्तु भाउ, पुत्र, पुत्रीहरूलाई पनि सम्पत्तिका रुपमा लिईएको पाईन्छ, (डा. स्वामी प्रपन्नाचार्य, पृ. ७४) ।

सामान्यतः सम्पत्तिमा मानवले भोग चलन गर्ने जाय ज्येथालाई बुझाउँछ । सामान्य मानवीय व्यवहार संचालन गर्ने देखि लिएर सुखि सम्पन्न जीवन व्यतित गर्नका लागि सम्पत्ति चाहिन्छ । रुपैंया पैसा जग्गा जमिन घरबारी आदि सम्पत्ति हुन्, जुन सम्पत्तिलाई चल वा अचल गरी विभाजन गरिएको छ, (मैनाली, रीता, २०५४) ।

(क) चलसम्पत्ति : जुन सम्पत्ति सहज रूपमा एक ठाउँबाट अर्को ठाउँमा लैजान सकिन्छ, त्यस प्रकारका सम्पत्ति चल सम्पत्ति अन्तगर्त पर्दछन् । रुपैया पैसा, सुन, जिन्सी र अन्नपात आदि यस अन्तर्गत पर्दछन् ।

(ख) अचल सम्पत्ति : एक ठाउँबाट अर्को ठाउँमा लैजान नसकिने सम्पत्तिलाई अचल सम्पत्ति भनिन्छ । जग्गा जमिन, घर आदि अचल सम्पत्ति हुन् ।

सम्पत्तिलाई अर्को अर्थमा पनि विभाजन गर्न सकिन्छ दृष्य र अदृष्य :

(अ) दृष्य : घर, जग्गा जमिन

(आ) अदृष्य : प्रतिलिपि अधिकार, ट्रेडमार्क आदि ।

(ग) मुलुकी ऐन २०३३ को संशोधनले महिला सम्पत्ति अधिकारलाई स्थापित गर्न ३५ वर्ष उमेर पुरा गरेकि अविवाहित महिलाले छोरा सरह पैतृक सम्पत्ति अंश पाउने व्यवस्था गऱ्यो तर विवाह पश्चात् माईती पक्षलाई फिर्ता गर्नुपर्ने सर्तले सामाजिक विभेद रहि नै रहयो ।

प्रत्येक राष्ट्रले आफ्ना नागरिकलाई सम्पत्ति आर्जन गर्ने, बेच विखन दान चन्दा उपहार दिने अधिकार प्रचलित कानून अनुसार प्रदान गर्दछ । नेपालमा पनि मुलकी कानून २०४७ धारा १७ मा सम्पत्ति सम्बन्धी व्यवस्था गरेको छ (नेपाल अधिकाराज्यको संबिधान, २०४७) । अन्तरिम संबिधान २०६३ को धारा २० र २१ ले क्रमशः सम्पत्तिमा महिलाका हक हुनेछ भनी व्यवस्था गरेको छ, (नेपालको अन्तरिम संबिधान, २०६३) ।

(घ) नेपालको अन्तरिम संबिधान २०६३ ले पैतृक सम्पत्तिका सम्बन्धमा धारा २० मा महिला हकलाई निम्नानुसार उल्लेख गरेको छ,

(अ) महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिएको छैन ।

(आ) प्रत्येक महिलालाई प्रजनन् सम्बन्धी हक हुनेछ ।

(इ) कुनै पनि महिला विरुद्ध शारीरीक, मानसिक वा अन्य कुनै हिंसाजन्य कार्य गरिएको छैन । यस्तो कार्य कानूनद्धारा दण्डनीय हुनेछ ।


(ई) पैतृक सम्पत्तिमा छोरा छोरीलाई समान हक हुनेछ ।

संयुक्त राष्ट्रसंघको महिला सम्बन्धी महासन्धी १९८१ अनुसार महिला र पुरुष समान भनिएको छ । सक्षम महिलाले पतिलाई भरण पोषण गर्नुपर्ने गरी उत्तरदायी बनाउने व्यवस्था विवाहिता महिलाको सम्पत्ति सम्बन्धी अध्यादेशमा गरेको छ । त्यस्तै आफ्ना सन्तानको भरणपोषण गर्ने गरी उत्तरदायी बनाउने व्यवस्था महिलालाई सुम्पिएको छ । सन्तान उत्तराधिकारीलाई सम्पत्ति हस्तान्तरण गर्दा बालबालिकालाई प्राथमिकता दिने र सन्तान नभएमा मात्र दाजुभाई तथा दिदीबहिनीहरूले सम्पत्ति प्राप्त गर्ने व्यवस्था छ, (महिला कानून तथा विकास मञ्च, १९९६) ।

आधुनिक मुलुकि ऐन परम्परागत मूल्य मान्यता भन्दा छुट्टै आयाम बोकेर आएको कुसंस्कार, कुचलन, अविश्वासको भूमरीबाट बाहिर निस्केर सामाजिक तथा पारिवारीक कानूनको क्षेत्रमा महिलाको अवस्थालाई प्रगतिपथमा लम्कन यसले प्रयास गरेको छ । स्त्री धन महिलाको विशेष धन हो सोको भोगचलन गर्ने अधिकार बारे पनि नेपालको समकालीन प्रावधान र परिवर्तीत कानूनी प्रावधान बीच तुलनात्मक अध्ययन गर्दै बाबुको अंशको हकदावी, पेवा, विवाह, सम्बन्ध विच्छेद आदिका बारेमा कानूनी प्रावधानलाई तुलनात्मक रूपमा प्रश्तुत गरीएको छ, (Bennet, 1979) ।

## २.४ अवधारणागत संरचना

सम्पत्ति माथिको समान अधिकार हाम्रो समाजमा एउटा बहस र द्धन्द्धको विषयको रुपमा स्थापित भएको छ । यसले सामाजिक आर्थिक एवम् सांस्कृतिक संरचनासँग धेरै वा थोरै प्रभाव र सम्बन्ध राखेको छ । अवधारणागत संरचनाले अध्ययनसँग निश्चित परिवर्तनहरूलाई कसरी जोड्ने भन्ने कुराको रुपरेखा प्रदान गर्दछ । यसले अध्ययनको उद्देश्यलाई हासिल गर्न आवश्यक विभिन्न चरहरूको पहिचान गरी अनुसन्धानलाई सहयोग पुऱ्याउदछ । जसलाई वर्तमान सामाजिक संरचनाको आधारमा विकसित अवधारणालाई निम्न विषयसँग केन्द्रित रही अध्ययन गर्नु अनिवार्य देखिन्छ ।




यसरी माथि उल्लेखित विभिन्न सामाजिक क्षेत्रहरूमा पार्ने प्रभावहरू मध्ये मुख्य रुपमा सामाजिक सांस्कृतिकको व्यापक रुपमा विनास विखण्डनको स्थिति सृजना गर्दछ भन्ने तर्कले प्रधान्यता पाएको छ । उल्लेखित ढाँचाको अध्ययन कार्यबाट समुदायका मानिसहरूको उक्त वस्तु तथ्यप्रतिको वैचारीक धरातललाई सजिलै विश्लेषण गर्न सकिने छ । यसलाई विभिन्न आर्थिक, सामाजिक तथा सांस्कृतिक स्वतन्त्र चरहरूले प्रभावित तुल्याउदँछ । समान सम्पत्तिको अधिकारलाई प्रभाव पार्ने चरहरूलाई यसरी उल्लेख गर्न सकिन्छ ।

**आर्थिक पक्ष :** महिलाहरूले उनीहरूको आर्थिक पक्षलाई बलियो पार्न सम्पत्तिको अधिकार महत्वपूर्ण हुन जान्छ । महिला होस् वा पुरुष उसको सर्वाङ्गिण विकासको लागि आर्थिक पक्ष मजबुत हुनुपर्दछ । त्यसैमा पनि महिलाहरू त झन अहिलेसम्म विभिन्न क्षेत्रहरूमा दमित र उत्पीडिनमा रहेका छन् । त्यसैले उनीहरूलाई विभिन्न क्षेत्रहरूमा सहभागी गराउनको लागि उनीहरूको शैक्षिक स्तर, आत्मबल बढाउनको लागि उनीहरूको आर्थिक पक्ष सुदृढ हुनुपर्दछ । जसका लागि सम्पत्तिको अधिकारले महत्वपुर्ण भूमिका खेल्न सक्दछ । यस अन्तर्गत समाजका आर्थिक क्रियाकलापका क्षेत्र जस्तै चल अचल सम्पत्तिको परिचालनमा पर्ने प्रभाव, विवाहमा दाइजो कार्यमा पर्ने असर महिलाको आर्थिक स्तरमा पर्ने असर पारिवारिक स्थिति कृषि एवम् महिलाको सहभागितामा पर्ने असर जस्ता चरहरू पर्दछन् ।

**निर्णय प्रक्रिया :** परिवार तथा समुदायमा विभिन्न क्रियाकलापमा महिलाको न्यून उपस्थिति हुनुको कारण सम्पत्तिमाथि महिलाको पहुँच नहुनु हो । महिलाहरूलाई निर्णायक भूमिका प्रदान गर्न उनीहरूलाई सम्पत्तिको अधिकार प्राप्त हुनुपर्दछ ।

**पुत्र प्रधान्यता :** हाम्रो समाजमा परम्परादेखि नै छोरा र छोरीलाई हेर्ने दृष्टिकोणमा फरक रहेको पाईन्छ । छोरालाई एउटा अंशियार र परिवारको उत्तराधिकारीको रुपमा लिइएको छ भने छोरीलाई अर्काको घरमा जाने जात भनेर जन्मिदै देखि भेदभावको दृष्टिले हेर्ने गरेको पाईन्छ । यदि छोरीलाई पनि पैतृक सम्पत्तिमा समान अधिकार दिएको खण्डमा छोरा र छोरी बिचको भेदभाव कम गर्न सकिन्छ ।

**शिक्षा क्षेत्र :** आज २१ औं शताब्दीमा आइपुग्दा पनि हाम्रो देशका विभिन्न कुनाकाप्चामा रहेका महिलाहरूमा अझै पनि शिक्षाको अवसरहरू प्राप्त भएका छैनन् । शिक्षाले मानिसको बुद्धि विवेक र सोच्न सक्ने क्षमतालाई फराकिलो बनाउँदछ । महिलाहरूको शिक्षा क्षेत्रमा सुधार ल्याउन उनीहरूको सम्पत्तिमा पहुँच हुन आवश्यक देखिन्छ ।

**पारिवारीक क्षेत्र :** एउटा परिवार समृद्ध हुनको लागि आर्थिक सम्पन्नता हुनुपर्दछ । परिवारको विभिन्न समस्याहरू हल गर्न आर्थिक पक्ष बलियो हुनु पर्दछ । जब परिवारमा आर्थिक अभाव रहन्छ त्यहाँ मनमुटाव र झै झगडा बढ्ने हुन्छ । त्यसैले महिला पुरुषमा सम्पत्ति सम्बन्धी बराबरीको हक प्रदान गरिएमा मात्र पनि एउटा परिवार सुखी र समृद्ध बन्न सक्दछ ।

**नाता सम्बन्ध :** मानिस एउटा चेतनशील प्रणी हो । मानिसलाई बाँच्नको लागि मायाँको खाँचो रहन्छ । परिवार तथा आफन्तहरूमा सुमधुर सम्बन्ध कायम गर्न सकेको खण्डमा मात्र उसले आफ्नो व्यत्तित्व विकास गर्न सक्दछ । जब महिलाहरू पुरुषप्रति निर्भर भएकै कारणबाट उनीहरू विभिन्न पक्षबाट दमित हुनुपरेको छ । महिलाहरूलाई पैतृक सम्पत्तिमा समान अधिकार भए मात्र उनीहरूमा परनिर्भतता कम हुँदै जान्छ अनि उनीहरूमाथि हुने दमन र उत्पीडन कम हुन्छ । त्यसैबाट परिवारमा एउटा सुमधुर सम्बन्ध स्थापित हुन्छ ।

**विवाह :** विवाह मानव जीवनको एक महत्वपूर्ण संस्था हो । विवाहले महिला र पुरुषलाई नयाँ स्थिति प्रदान गर्दछ । विवाह पश्चात श्रीमान श्रीमतीका बीचमा आर्थिक, सामाजिक लगायत विभिन्न क्रियाकलापमा सहयोग आदानप्रदान हुन्छ । सम्पत्तिको कारण परिवारमा हुने कलहको अन्तय र आर्थिक उत्थान सहित महिला सशक्तिकरणको लागि पनि सम्पत्ति अधिकार महत्वपूर्ण हुन जान्छ । विवाह पछि मानिसको जीवनमा सहजता प्रदान गर्न सम्पत्ति एक महत्वपूर्ण साधन रहेको हुन्छ ।

**धर्म तथा सामाजिक सांस्कृतिक क्षेत्र :** सम्पत्ति माथिको अधिकारले महिलाहरूको सामाजिक, सांस्कृतिक तथा धार्मिक लगाएतका विभिन्न क्षेत्रहरूमा ठूलो प्रभाव पार्दछ । जब

महिलाहरूमा सम्पत्तिको अधिकार हुन्छ। तब उनीहरूको विभिन्न सामाजिक क्रियाकलापहरूमा पनि सहभागिता रहन्छ। सम्पत्ति माथिको अधिकारले महिलाहरूलाई समाजमा आफ्नो स्थान बनाई राख्न मद्दत गर्दछ।

**राजनीतिमा सहभागिता :** राजनीतिक क्षेत्रमा पुरुषको तुलनामा महिलाहरूको सहभागिता कम देखिन्छ। राजनीतिमा महिलाहरू सक्रिय भए भने उनीहरू आफ्नो हक हितको संरक्षण गर्नुको साथै समाज परिवर्तन गर्नमा पनि सक्षम हुन्छन्। राष्ट्रको विकासमा महिला र पुरुष हातेमालो गरेर अघि बढेमा मात्र विकास सम्भव हुन्छ। त्यसैले महिलाहरूलाई शिक्षा, राजनीति र अन्य विभिन्न क्षेत्रमा सहभागि गराउन उनीहरूलाई सम्पत्तिको पहुँच हुन आवश्यक देखिन्छ।

**भू-खण्डीकरण :** भूमिको विभाजनको प्रक्रिया परम्परादेखि नै हुँदै आएको देखिन्छ जुन बेला छोरीलाई पैतृक सम्पत्तिमा कुनै अधिकार नै थिएन। त्यो समयमा भूमि भाईभाईमा विभाजन गर्ने संस्कार रहेको हुँदा भूमिको खण्डिकरण हुन पुग्यो। आयस्रोतको प्रमुख आधार मानिने भूमिको विभाजन महिलाहरूलाई पैतृक सम्पत्तिमा समान अधिकार पश्चात् पनि कायमै रहने अवस्थामा देखिन्छ। त्यसैले यो पनि सम्पत्ति अधिकारको एक महत्वपूण चर हो।

# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययन क्षेत्रको छनोटमा पोखरा महानगरपालिकाको वडा विभाजनमा वडा नं. १ देखि १७ वडासम्म विभाजन गरिएको छ ।जसमा यस अध्ययनको लागि वडा नं. ६ अध्ययनको क्षेत्र छनोट गरिएको छ । जसमा महिला ७००८ (२०११) र पुरुष ७७२१ (२०११) अनुसार जम्मा सख्या १४७२९जनसंख्या रहेको छ । ंयस क्षेत्रमा विभिन्न गैर सरकारी संस्थाहरूले पनि महिला सशक्तिकरण, शिक्षा, स्वास्थ्य र रोजगार आदि सम्बन्धी कार्य गर्दै आएका छन् । अन्य क्षेत्रको तुलनामा यस क्षेत्र शैक्षिक, सामाजिक,राजनैतिक, व्यवसायिक अघि भएता पनि यस क्षेत्रमा अन्य क्षेत्रको तुलनामा समाजशास्त्रको पैत्रिक सम्पत्ति विषयको  खोज अनुसन्धान न्युन छन् । यसकारण यस अध्ययन क्षेत्र छनौटमा समेटिएका महिलाहरूमा विगतदेखि वर्तमानमा भइरहेको पैतृक सम्पत्तिमा महिलाहरूको कानूनी अधिकार सम्बन्धी के कति ज्ञान छ, कनूनी अधिकारको उपयोग गरेका छन् कि छैनन् ? छोरीलाई अंश वा शिक्षा के प्रदान गर्दा उनीहरूलाई फाइदा पुग्छ, छोरीलाई सम्पत्ति वा अंश दिँदा के कस्ता सकारात्मक वा नकारात्मक प्रभाव पर्न जान्छ भन्ने बारेमा यो अध्ययन केन्द्रित रहेको छ ।

विगत देखि चर्चा र चासोको विषय बनिरहेको विषयवस्तु पैतृक सम्पत्तिमा महिलाको समान अधिकार जस्तो महत्वपूर्ण अधिकारले कानूनी रुप प्राप्त गरेको र सम्पत्तिमा समान अधिकार आवश्यकता र औचित्यमा पुष्टि भए नभएको नेपाली समाज ग्रामीण परिवेशबाट गुज्रदै गर्दा नेपाली महिलाको सम्पत्तिमा समान अधिकार सम्बन्धमा जानकारी भए नभएको साम्पत्तिक अधिकारका सम्बन्धमा कतिले बुझेका र समाजमा यसको प्रभावका बारेमा के कस्तो प्रतिक्रिया पाउन सकिन्छ भन्नका लागि नै प्रस्तुत विषय छनौट गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

प्रस्तुत शोधपत्रमा अनुसन्धान गुणात्मक विश्लेषणात्मक तथा वर्णनात्मक स्वरूपको रहने छ । यस अध्ययनमा महिलाको पैतृक सम्पत्तिमाथि अधिकारको व्यवस्थालाई वणनात्मक तथा अनुसन्धानबाट प्राप्त गरिएको सूचनालाई गुणात्मक विश्लेषणात्मक विश्लेषणबाट

तथ्यहरूको व्याख्या र विवेचना गरिने छ । अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरूलाई गुणका आधारमा वर्गीकरण गरी विश्लेषण गरिने छ । गुणको आधारमा जस्तै महिला पुरुष, शिक्षीत अशिक्षित, जातजाति, धर्म, सम्बन्ध, व्यवाहार आदि संख्यात्मक स्वरुपमा नरहेका तथ्यहरूलाई निश्चित आधार, परिभाषा र मान्यताका आधारमा गणितीय मान प्रदान गरी ती तथ्यहरूको व्याख्या र विवेचना गरिएकौ छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका प्रकृति र स्रोत

तथ्याङ्क मात्रात्मक र गुणात्मक प्रकृतिमा हुने गर्दछन् प्रस्तावित शोधपत्रमा दूई प्रकारका तथ्याङ्कका स्रोतहरू प्रयोग गरिने छ । अंकमा गणना गर्न सकिने पक्षलाई विश्लेषण गर्न मात्रात्मक प्रकृतिका तथ्याङ्कहरू संकलन गरिने छ भने सामाजिक पक्षहरू जान्न, थाहा पाउनका लागि गुणात्मक तथ्याङ्कहरू समावेश गरिने छ । तथ्याङ्क सङ्कलन गर्ने क्रममा एकै प्रकारका तथ्याङ्कहरूबाट मात्र शोध अध्ययन पूर्ण नहुने भएकाले मुख्यतः दुई किसिमका क्षेत्रहरूबाट तथ्याङ्क सङ्कलन गरिने छ ।

### ३.३.१ प्राथमिक स्रोतहरू

शोध अध्ययनका लागि आवश्यक सामाग्रीहरूको प्रमुख स्रोतको रुपमा अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा गएर सर्वेक्षण गरी प्रश्नावली, अन्तर्वार्ता र व्यक्तिगत अध्ययनको माध्यमबाट सूचना सङ्कलन गरिने छ । उत्तरदाताहरूबाट प्राथमिक स्रोतले शोध उद्देश्य अनुसार अध्ययन क्षेत्रको वर्तमान अवस्थालाई प्रस्तुत गर्न सहयोग पुग्ने छ । जसमा अन्तर्वाता अनुसुची, व्यक्तिगत अध्ययनद्धारा तथ्याङ्क सङ्कलन गरिने छ ।

### ३.३.२ द्धितीय स्रोतहरू

प्राथमिक स्रोतबाट मात्र शोध अध्ययन पूरा नहुने हुँदा आवश्यकता अनुसार द्धितीय स्रोतहरूको पनि प्रयोग गरिने छ । द्धितीय स्रोत अन्तर्गत विभिन्न विद्धानहरूका पैतृक सम्पत्तिमा महिलाको अधिकार सम्बन्धी लेख, रचना, बुलेटीन, सरकारी तथा गैर सरकारी संस्थाहरूद्धारा प्रकाशित भएका पत्रपत्रिकालाई समेटेर शोध अध्ययनलाई पूर्णता दिइने छ । द्धितीय स्रोतहरूले अध्ययन विषय वस्तुको ववगतको अवस्थालाई प्रतिनित्व गर्दछ ।

## ३.४ समग्रता र नमुना छनौट विधि

१४,७२९ जनसंख्या भएको यस अध्ययन क्षेत्रमा सम्पुर्ण जनसंख्यालाई यस अध्ययनमा समेट्न गाह्रो हुने हुँदा समग्रताबाट उद्देश्यपूर्ण नमुना छनौट विधिको प्रयोगबाट निश्चित एकाइ अथवा २८८ जना उत्तरदाताहरूलाई छनौट गरिने छ । यकिन साथ पैत्रिक सम्पत्ति ककसलाई दिइएका छन् र ककसले दिएका छन् ? भनी थाहा नहुने हुँदा स्नोबल विधीको प्रयोग गरी १४ जना व्यक्तिको श्रृखलाबद्ध माध्यमको प्रयोग गरी व्यक्तिगत अध्ययन समेत गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

प्रस्तावित शोधपत्र तयार गर्ने क्रममा अनुसन्धानका विभिन्न पद्धतिहरूलाई अवलम्बन गरिने छ । गुणात्मक एवम् संख्यात्मक तथ्याङ्कहरूको मद्दतबाट नै अनुसन्धानलाई उपलब्धि मुलक बनाउन सकिने हुँदा प्रस्तावित शोधपत्रमा पनि अनुसन्धानका लागि प्रश्नावली निर्माण गरिने छ । तिनै प्रश्नावलीहरूका आधारमा उत्तरदाताहरूलाई प्रत्यक्ष भेटेर प्रश्नावली, अन्तर्वाता र छलफल आदि जस्ता अनुसन्धान पद्धतिहरूलाई स्थान दिइने छ ।

**(क) अन्तर्वार्ता अनुसूची**

शोधपत्र तयार गर्ने क्रममा अन्तर्वार्ताको महत्वलाई ध्यानमा राखी पैतृक सम्पत्तिमा समान अधिकार सम्बन्धी धारणाका विषयमा विविध पक्षहरूसँगै यस पद्धति अनुरुप तथ्याङ्क सङ्कलन गर्नका लागि अन्तर्वार्ता पद्धतिलाई अवलम्बन गरिने छ । मैले पैतृक सम्पत्तिमा समान अधिकारका सम्बन्धमा अनुसन्धान गरेको छु । यस सम्बन्धमा तपाईका धारणाहरू के छन् ? समाजमा प्रभाव पार्छ वा पार्दैन ? समान अधिकार दिँदा सामाजिक प्रभाव कस्तो हुन्छ ? भनि प्रत्यक्ष सम्पर्क गरी तथ्याङ्क सङ्कलन गरिने छ । साथै शोधकर्तालाई थप जिज्ञासा भएमा अनौपचारिक कुराकानीका आधारमा पनि प्रश्नहरू सोधेर तथ्याङ्क सङ्कलन गरिने छ ।

**(ख) व्यक्तिगत घटना अध्ययन**

यस अध्ययनकालागि छनौटमा परेका उत्तरदाताहरू मध्ये केहि उपर्युक्त उत्तरदाताहरू मध्येबाट छनौट गरि केहि उत्तरदाताहरूको पैतृक सम्पत्ति प्राप्त गरेका केहि व्यक्तिहरूको व्यक्तिगत अनुभवहरूलाई पनि व्यक्तिगत विवरण पनि समावेश गरिने छ ।

### ३.५.१ द्वितीय स्रोतबाट लिइएका तथ्याङ्कहरू

द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रस्तुत विषका सन्दर्भमा प्रकाशित पुस्तकहरू, संबिधानहरू, मुलुकि ऐन, महिला अधिकारवादीका लेख रचनाहरू, महिलावादी सिद्धान्तहरू भएका पुस्तकहरू, महिला हक अधिकारसँग सम्बन्धीत लेख, प्रकाशनहरू, विभिन्न ठाउँमा प्रस्तुत भएका विगतका शोधपत्रहरू, पत्र पत्रिका, सेमिनार, गोष्ठिमा भएका छलफलहरू एवम् निष्कर्षहरूको अध्ययन गरी आवश्यक र सम्बन्धीत विषयसँग सम्बन्ध राख्ने तथ्याङ्कहरूलाई आधार मानिने छ । प्रस्तुत विषयमा अध्ययन गरिएका पत्रपत्रिका पुस्तकहरू प्रतिवेदनहरू, प्रगति विवरणहरू सन्दर्भ सामाग्रीमा दिइने छ ।

## ३.६ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

प्रस्तुत अध्ययन गर्ने क्रममा अन्तर्वार्ता गर्ने अनुसूचीलाई उत्तरदाताहरू मार्फत तथ्याङ्क सङ्कलन गर्ने कार्य समाप्त भएपछि सङ्कलन गरिएका फारामहरूको अध्ययन गरिने छ र निचोडमा पुग्नका लागि प्राप्त तथ्याङ्कलाई प्रस्तुतिकरणका लागि कोडिङ गर्दै विभिन्न शिर्षकहरूमा तालिकीकरण गरी तालिका तयार गरिने छ । पैतृक सम्पत्तिमा समान अधिकार सम्बन्धमा देखिएका समस्या समाधानका उपाय पत्ता लगाउन पारिवारिक परिवेश, पारिवारिक निर्णय, महिलाको साम्पत्तिक अधिकारको स्थिति सोको जानकारी, कार्यान्वयन पछिको प्रभावसँग सम्बन्धीत धारणा प्राप्त गरी विश्लेषण गरी प्राप्त तथ्याङ्कको आधारमा औचित्य पुष्टि गरिने छ । संख्यात्मक भन्दा गुणात्म तथ्याङ्कलाई जोड दिइने छ ।

# अध्याय चार

# तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

## ४.१ अध्ययन क्षेत्रको विवरण

कास्की जिल्ला गण्डकी प्रदेश अन्तर्गत गण्डकी अञ्चलमा रहेको एक शहरी जिल्ला हो । यहाँ विभिन्न जातजातिहरू बाह्मण, क्षेत्री, दमाइ, कामी, सार्की, मगर, छन्त्याल, नेवार, ठकुरी, थकाली, गुरुङ्ग, तामाङ्ग, गिरी, पुरी आदि जातजातिहरूको बसोबास रहेको छ । जसमा त्यस जिल्लाको माथिल्लो भागमा विशेष गरी मगर र छन्त्यालहरूको बसोबास रहेको छ । नेपालको बढि संख्यामा मगर जातिको बसोबास रहेको जिल्ला भनेर कास्की जिल्लालाई चिनिन्छ । त्यस जिल्लामा जातजाति अनुसारका आआफ्नै रितिरिवाज, भाषा, भेषभूषा र दशैं, तिहार, ल्होसार, माघेसंक्रान्ति लगाएतका विभिन्न जातजातिअनुसारका चाडपर्व र उत्सवहरू मनाईन्छन् । त्यहाँ विशेष गरेर हिन्दू धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेता पनि त्यस बाहेकका अन्य धर्म जस्तै क्रिश्चीयन, बौद्धिष्ट, इश्लाम लगाएत अन्य धर्म मान्ने मानिसहरू पनि रहेका छन् ।

अध्ययन क्षेत्र रहेको कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ६ मा कुल जनसंख्या १४,७२९ रहेको छ । जसअन्तर्गत महिलाको संख्या ७,००८ र पुरुषको संख्या ७,७२१ रहेको छ । कास्की जिल्ला सदरमुकाम रहेको पोखरा महानगरपालिका अन्तर्गत वडा नं. ६ मा विभिन्न जातजातिका मानिसहरू जस्तै : ब्राह्मण, क्षेत्री, ठकुरी, गिरी, मगर, नेवार, थकाली, मल्ल र दलितहरूको बसोबास रहेको पाइयता पनि ब्राह्मण क्षेत्रीको बढि बाहुल्यता रहेको छ । यस क्षेत्रको मुख्य धर्म हिन्दू हो भने केही संख्यामा क्रिश्चियन र बौद्ध धर्म मान्ने पनि रहेका छन् । त्यस क्षेत्रमा विभिन्न भाषाभाषी र भेषभूषाहरू रहेका छन् । त्यहाँका मानिसहरू दशैं, तिहार, तिज, फागुपूर्णिमा, माघेसंक्रान्ती, श्रीपञ्चमी जस्ता विभिन्न चाडपर्वहरू मनाउदै आएका छन् । त्यहाँका मानिसहरूको मुख्य पेशा कृषि भनिएता पनि अन्य पेशा जागिर, व्यापार, वैदेशिक रोजगार तथा ज्याला मजदुरी जस्ता पेशाहरूमा पनि संलग्न रहेका छन् । जिल्लाकै सुगम मानिएको यस पोखरा महानगरपालिका अन्तर्गतको वडा नं. ६ मा साक्षरता ९६ प्रतिशत रहेको छ । विभिन्न जातजाति, धर्म र पेशाका मानिसहरू रहेता पनि एक आपसमा बिना द्वन्द्व र सद्भाव कायम गरी बसेको पाईन्छ (जिल्ला वस्तुगत विवरण, २०७२) ।

यस क्षेत्रका मानिसहरू विशेष गरी ब्राह्मण क्षेत्री र अधिकांस हिन्दू धर्म मान्ने हुनाले महिला र पुरुषमा केहि भेदभावको कुरा देखिएता पनि हाल शैक्षिक क्षेत्रमा भएको विकास र विस्तारले गर्दा कुनै एउटा शिक्षीत परिवारमा भेदभावहरू कम देखिन्छ । यो अध्ययनको विषय पैतृक सम्पत्तिमा महिलाको समाना अधिकार र यसको सामाजिक प्रभावको पत्ता लगाउनुमा नै यो केन्द्रित रहेको हुदाँ समुदायका मानिसहरूको धारणाहरूको सङ्कलन गर्नुपर्ने देखिन्छ ।

शोध अनुसन्धानका लागि कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ६ शोधकर्ता बसोबास क्षेत्र र त्यस क्षेत्रमा पैतृक सम्पत्तिमा महिला अधिकारको अध्ययन कम भएकोले यसको सूक्ष्म अध्ययन गर्न सजिलो हुनुका साथै यसले एउटा प्रतिनिधि मूलक अध्ययनको निष्कर्ष दिने हुँदा यो अध्ययन क्षेत्र उपयुक्त हुने देखिन्छ ।

## ४.२ उत्तरदाताको सामाजिक, जातिय, शैक्षिक, धार्मिक विशेषताहरू

यस अध्ययनमा विशेष गरेर उत्तरदाताहरूको सामाजिक, जातिय, धार्मिक स्थितीलाई विश्लेषण गरिएको छ । उत्तरदाताहरूको जातजाति, धर्म, परिवारको बनावट, वैवाहिक स्थिति र शैक्षिक स्थितिको विश्लेषण गरिएको छ ।

### ४.२.१ जातजाति अनुसार विवरण

यस अनुसन्धानमा जातजातिको छनोट गर्दा कुन जातिबाट कति प्रतिशत लिने भन्ने गरी नमूना छनौट नगरिएको हुनाले कुल २८८ जना उत्तरदाताहरूको जात जातिको स्थितिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

उत्तरदाताहरूको जातजाति अनुसार विवरण

| जतजाति | संख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | ९६ | ३३.३३ |
| ब्राह्मण | ८२ | २८.४७ |
| दलित | ७४ | २५.६९ |
| जनजाति | ३६ | १२.५ |
| **जम्मा** | **२८८** | **१००** |

(स्रोतः क्षेत्रगत अध्ययन, २०७६)

माथिको तालिका अनुसार उत्तरदाताहरूको जातजातिको आधारमा वर्गीकरण गरिएको छ । उक्त अध्ययन क्षेत्रमा विभिन्न किसिमका जातजातिहरूको बसोबास रहेको भएता पनि क्षेत्री ब्राह्मणको बाहुल्यता बढी रहेको छ । अनुसन्धान एउटा शिक्षित वर्गमा लक्षित भएको हुँदा बढि क्षेत्री र ब्राह्मण जातिका उत्तरदाताहरू रहेका छन् । जातजातिको हिसावले पैतृक सम्पत्तिमा महिलाको समान अधिकारको विषयमा ब्राह्मण क्षेत्रीहरूमा अलि बढी धर्म कर्ममा विश्वास गर्ने भएकोले सम्पत्तिको हकदार अनि बाबुआमा पाल्ने दायित्व पनि छोराहरूलाई नै दिइएको पाईयो । दलितहरूमा शिक्षाको कमिका कारण छोरीहरूलाई सानैमा विवाह गरेर पठाईदिने र सम्पत्तिको उत्तराधिकारी छोराहरूलाई मानेको पाईयो भने जनजातिहरूमा महिलाहरूले पनि आयआर्जन गर्ने गरेको र निर्णय प्रक्रियामा पनि जनजातिका महिलाहरू अन्य जातिका महिलाको तुलनामा अलि अघि नै रहेको पाईयो । जनजाति समुदायका महिलाहरूमा उनीहरूको खुल्ला सामाजिक मूल्य र मान्यताले गर्दा पनि केही हदसम्म छुट मिलेको जस्तो देखिन्छ। उनीहरू खुलेर आफ्नो हक अधिकारको कुरा गर्न सक्दछन् । र उनीहरू पारिवारीक रूपमा पनि ब्राह्मण क्षेत्री समुदाय भन्दा लचिलो व्यवहार भएको बताउदछन्, ( अन्तर्वाता एवम् अवलोकनबाट प्राप्त) ।

### ४.२.२ धर्म अनुसारको विवरण

धर्मले पनि व्यक्तिको विचारलाई प्रभाव पार्दछ। यस अनुसन्धानमा अध्ययन गर्दा हिन्दू र क्रिश्चियन धर्म मान्ने उत्तरदाहरू मात्र पाईयो । यस्तो अवस्थामा धर्मको आधारमा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा उल्लेख गरीएको छ।

तालिका नं. २

धर्म अनुसारको विवरण

| **धार्मिक समूह** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| हिन्दू | १८६ | ६४.५८ |
| बौदिष्ट | ५४ | १८.७५ |
| क्रिष्टियन | ४८ | १६.६६ |
| **जम्मा** | **२८८** | **१००** |

(स्रोत : क्षेत्रगत अध्ययन, २०७६)

तालिका नं. २ का अनुसार उत्तरदाताहरूको धार्मिक आधारमा वितरण गर्दा बहुसंख्यक ६४.५८ प्रतिशत उत्तरदाताहरू हिन्दू धर्मावलम्बीहरू, बौदिष्ट १८.७५ प्रतिशत रहेका छन् भने केबल १६.६६ प्रतिशत मात्र क्रिश्चियन धर्म मान्ने रहेका छन् । त्यस्तै अन्य धर्मलम्बीहरूको बहुधार्मिक मानिसहरूको संगम स्थल भएता पनि धर्मलाई स्तरीकरण नगरी आकस्मीक रूपमा अन्तर्वार्ता गरी अनुसन्धान गरिएकोले ब्राह्मण क्षेत्रीको बाहुल्यता भएकोले हिन्दु धर्मावलम्बी उत्तरदाताको प्रतिशत बढी हुन गएको हो ।

धर्मअनुसार विश्लेषण गर्दा उक्त अध्ययन क्षेत्रमा ब्राह्मण क्षेत्रीको बाहुल्यता रहेको र ब्राह्मण क्षेत्रीले विशेष गरेर हिन्दू धर्म मान्दै आएको र उक्त समुदायका महिलाहरूमा हिन्दू धर्मले ठूलो प्रभाव पारेको देखिन्छ । हिन्दू धर्ममा महिलाको तुलनामा पुरुषहरूलाई उच्च स्थान दिइएको छ । हिन्दू धर्मअनुसार बाबुआमाको मृत्यूपछि गरीने सम्पुर्ण कर्महरू छोराले नै गर्नु पर्ने र छोरा नभए स्वर्गमा पनि नगइने जस्ता अन्धविश्वासले गर्दा पनि हिन्दू धर्ममा महिलाहरूलाई एउटा साघुँरो दायरामा राखेर भेदभावपुर्ण व्यवहार गरिएको छ । उनीहरू आफ्नो सामाजिक, सांस्कृतिक मूल्य मान्यताका कारण पनि परिवारमा खुलेर बोल्न सक्दैनन् । विभिन्न अधिकारको बारेमा आफ्नो कुराहरू उठाउन सक्दैनन् त्यस्तै पैतृक सम्पत्तिमा पनि छोरा सरह छोरीका समान अधिकारका कुराहरू उठाउन नसकेको पाईयो भने उनीहरूको दाजुभाईसँगको सम्बन्ध पनि बिग्रीन्छ कि भन्ने डर रहेको पाईयो । अध्ययन क्षेत्रमा अन्य धर्म मान्ने मानिसहरू नभएको र केही मानिसहरूले क्रिश्चियन धर्म मान्दै आएको र हिन्दू धर्मको तुलनामा बौदिष्ट र क्रिश्चियन धर्ममा महिलाहरूलाई पनि केहि स्वतन्त्रताहरू दिईएको पाईएको छ । महिला अधिकारका बोरमा पनि सुनुवाई हुन थालेको छ भन्ने कुराहरू व्यक्त भएको छ, (अन्तर्वाताबाट प्राप्त) ।

### ४.२.३ उत्तरदाताहरूको पारिवारिक स्वरूप

यो एक समाजशास्त्रीय अध्ययन भएकोले उत्तरदाताहरूको पारिवारिक स्वरूपको बारेमा पनि चर्चा गरिएको छ । महिलाको सम्पत्ति सम्बन्धी अधिकारले पारिवारीक स्वरूपमा कस्तो प्रभाव पार्दछ भन्ने विषयलाई हेर्नको लागि उत्तरदाताहरूको पारिवारिक स्वरूप एकल वा संयुक्तको रूपमा पनि छुट्ट्याइएको छ । जसलाई निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

तालिका नं. ३

उत्तरदाताहरूको पारिवारिक स्वरूप

| पारिवारिक स्वरूप | संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त | ११४ | ३९.५८ |
| एकल | १७४ | ६०.४१ |
| **जम्मा** | **२८८** | **१००** |

(स्रोत : क्षेत्रगत अध्ययन, २०७६)

माथिको तालिका नं. ३ का अनुसार यस अनुसन्धानमा उत्तरदाताहरू केबल दुई पारिवारिक स्वरूपमा रहेको देखियो। यसले के देखाउछ भने संयुक्त परिवारमा बस्नेहरू भन्दा एकल परिवारमा बस्नेहरूको संख्या बढी रहेको देखिन्छ। कूल प्रतिशतको केबल ३९.५८ प्रतिशत उत्तरदाताहरू सयुक्त परिवारमा बस्दछन् भने ६०.४१ प्रतिशत एकल परिवारमा रहेका छन्। पारिवारिक स्वरूप अनुसार अध्ययन गर्दा मानिसहरू संयुक्त परिवारबाट विस्तारै एकल परिवारतर्फ उन्मुख भएको देखिन्छ। संयुक्त परिवारमा धेरै सदस्यहरू हुने, परिवारका सदस्यहरू धेरै भएका कारण परिवारमा मनमुटाव पैदा हुने उचित शिक्षा प्रदान गर्न गाह्रो हुनुका साथै परिवारको मुली व्यक्तिको नाममा वा पुरुषको नाममा सम्पत्ति लगाएत निर्णय प्रक्रियामा उसको हात रहने पाइयो भने एकल परिवारमा केवल श्रीमान श्रीमती र उनका बच्चाहरू मात्र रहने हुदा श्रीमान श्रीमतीमा एकले अर्कालाई बुझ्ने र विश्वासको आधारमा पनि घर तथा जग्गा श्रीमतीको नाममा पनि रहेको पाईयो। श्रीमान र श्रीमतीको आपसी सहमतीमा घर व्यवहार चलेको अवस्थाहरू देखिन्छ। त्यसले गर्दा पनि संयुक्त परिवारको तुलनामा एकल परिवारमा छोरा र छोरीलाई समान शिक्षाको अवसर र पैतृक सम्पत्तिमा महिला अधिकारको विषयमा पनि सकरात्मकता देखिएको छ, (अन्तर्वार्ता एवम् अवलोकनबाट प्राप्त)।

### ४.२.४ उत्तरदाताको पेशा अनुसारको विवरण

व्यक्तिहरूको पेशाले पनि पैतृक सम्पत्तिमा महिलाको समान अधिकारका बारेमा पनि फरक फरक प्रभाव पारेको हुन्छ। शिक्षित र चेतनशील समाजमा महिलाहरू आफ्ना अधिकार प्रति कम सजग हुन्छन्। हरेक समाजका मानिसहरू कुनै न कुनै पेशामा आबद्ध छन्। पेशागत रूपमा उत्तरदाताको वर्गीकरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४

उत्तरदाताको पेशा अनुसारको विवरण

| **पेशा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| शिक्षक | ७७ | २६.७३ |
| विद्यार्थी | ९४ | ३२.६३ |
| कर्मचारी | ८५ | २९.५१ |
| अन्य पेशा | ३२ | ११.११ |
| **जम्मा** | **२८८** | **१००** |

(स्रोत : क्षेत्रगत अध्ययन, २०७६)

माथिको तालिका अनुसार उत्तरदाताहरूमध्ये शिक्षकको संख्या २६.७३ प्रतिशत रहेको छ जुन संख्यात्मक रूपमा बढी रहेको छ। विद्यार्थी ३२.६३ प्रतिशत, कर्मचारी २९.५१ प्रतिशत, अन्य पेशा ११.११ प्रतिशत रहेको छ। माथि तालिकालाई नै अध्ययन गर्दा शिक्षक र विद्यार्थीको संख्या बढी रहेको छ। शिक्षित वर्गलाई लक्षित गरिएको हुनाले शिक्षक र विद्यार्थीका तुलनात्मक रूपमा बढी रहेको छ। पैतृक सम्पत्तिमा महिलाहरूको अधिकार र यसको सामाजिक प्रभावको विषयमा उत्तरदाताहरू बीच छलफल गर्दा शिक्षक र विद्यार्थीहरूले पैतृक सम्पत्तिमा महिलाको समान अधिकार हुनुपर्छ समाज तथा देशको विकासका लागि महिलाहरूलाई पनि विभिन्न अधिकारहरू प्रदान गरी विकासको मुल धारमा ल्याउनु पर्छ छोरा र छोरीलाई शिक्षा तथा सम्पत्तिमा समान अधिकार दिनुपर्छ भन्ने राय व्यक्त गरेका छन् । उनीहरूले आजसम्म पूर्ण रूपमा व्यवहारमा लागु नगरेका र त्यसलाई व्यवहारमा लागु गर्न सके महिलाहरूको उत्थान हुन सक्ने कुराहरू व्यक्त गरेका छन् । केहीको राय अनुसार छोरीले चाहेको खण्डमा छोरा सरह छोरीलाई अंश दिने कुरामा सहमत रहेको कुराहरू व्यक्त गरेका छन् । एक दूई जना उत्तरदाताहरूले पैतृक सम्पत्तिको मामिलाले कुनै नकरात्मक असर पर्न सक्छ कि भन्ने कुराहरू पनि व्यक्त गरेका छन्। अन्य पेशामा संलग्न कर्मचारी उत्तरदाताहरूबाट पनि पैतृक सम्पत्तिमा महिलाको अधिकारको बारेमा केहि बुझेको र त्यस विषयमा सकरात्मक भएको बताएको पाईन्छ साथै सामाजिक मूल्य मान्यता र परम्परालाई विगार्ने हो कि भन्ने विचार पनि व्यक्त गरेको पाईन्छ, (अन्तर्वाता एवम् अवलोकनबाट प्राप्त)

## ४.३ पैतृक सम्पत्तिमा महिलाको समान अधिकार दिने बारेमा उत्तरदाताहरूको धारणा

पैतृक सम्पत्तिमा समान वितरण तथा छोरीलाई पनि छोरा सरह पैतृक सम्पत्तिको अधिकार दिने कुरा कस्तो लाग्छ भन्ने सम्बन्धमा उत्तरदाताहरूको व्यक्तिगत विचारको विश्लेषण निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ५

नेपालमा महिलालाई सम्पत्ति सम्बन्धी समान अधिकार दिने बारेमा उत्तरदाताको धारणा

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो हो | १९४ | ९०.४७ |
| नराम्रो | ९८ | २.३८ |
| मतलब छैन | ७४ | ७.१४ |
| **जम्मा** | **२८८** | **१००** |

(स्रोत : क्षेत्रगत अध्ययन, २०७६)

तालिका अनुसार नेपालमा पैतृक सम्पत्तिमा महिलाको समाना अधिकारका सम्बन्धमा गरिएको सर्वेक्षणमा समान अधिकार दिने बारेमा राम्रो मत दिनेको प्रतिशत बढी पाईयो जसमा ९०.४७ प्रतिशत रहेको छ । त्यस्तै समान अधिकार दिने नराम्रो भन्नेमा २.३८ प्रतिशत र मतलब छैन भन्नेमा ७.१४ प्रतिशत रहेको पाइयो । यसबाट के थाहा हुन्छ भने महिलालाई पैतृक सम्पत्तिमा समान अधिकार दिने कुरा राम्रो भन्ने उत्तरदाता बढि पाइयो । जसले गर्दा महिला र पुरुष दुबैको सकारात्मक धारणा पाइयो । यसबाट समान अधिकार दिनु राम्रो भएको प्रष्ट हुन्छ ।

नेपालमा महिलालाई सम्पत्ति सम्बन्धी समान अधिकार दिने विषयलाई लिएर गरिएको उत्तरदातासँगको छलफलमा धेरै उत्तरदाताहरूले महिलाहरूलाई सम्पत्तिको समान अधिकार भएको खण्डमा महिला र पुरुष बीचको विभेदको अन्त्य हुन्छ । महिलामाथि भए गरेका हत्या, हिंसा, अन्याय, अत्याचारहरू कम भएर जान्छन । महिलाहरूले आफ्नो व्यक्तित्व विकास गर्ने अवसर पाउँछन् र महिला र पुरुष समान भए देशको सामाजिक र आर्थिक विकासमा पनि टेवा पुग्दछ त्यसैले महिलालाई सम्पत्तिमा समान अधिकार दिने कुराले पुरानो धर्म संस्कृति र परम्परा नष्ट भएर जाने समाजमा विकृति फैलने, दाजुभाई र दिदि बहिनी बिच मनमुटाव हुने, गरिब परिवारका छोरीहरूको विवाह गर्न पनि कठिन हुने आदि कारणले गर्दा छोरीलाई

छोरा सरह सम्पत्ति दिने कुरा नराम्रो हो भन्ने कुरा व्यक्त गरका छन्, (अन्तरवार्ता एवम् अवलोकनबाट प्राप्त) ।

### ४.३.१ सम्पत्तिमा समान अधिकार भएमा छोरा र छोरीलाई प्राथमीकता

पैतृक सम्पत्तिको समान वितरण भएमा एउटा परिवारमा छोरा वा छोरी मध्ये कसले बढि प्राथमीकता प्राप्त गर्दछ । छोरीलाई भन्दा छोरालाई बढि प्राथमिकता दिईरहेको वर्तमान नेपाली समाजमा पैतृक सम्पत्तिको समान अवसर प्राप्त भएको खण्डमा छोरा वा छोरीलाई वा दुबैलाई प्राथमिकता दिइन्छ भन्ने सवालमा उत्तरदाताहरूको विचारलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६

छोरा वा छोरीलाई प्राथमिकता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छोरीलाई प्राथमिकता | ९६ | ३३.३३ |
| छोरालाई प्राथमिकता | १२६ | ४३.७५ |
| दुबैलाई प्राथमिकता | ६६ | २२.९१ |
| दुबैलाई कम प्राथमिकता | ० | ० |
| **जम्मा** | **२८८** | **१००** |

(स्रोत : क्षेत्रगत अध्ययन, २०७६)

प्रस्तुत तालिका नं. ६ अनुसार पैतृक सम्पत्तिमा समान अवसर भए पश्चात मात्र छोरा बढि प्राथमिकता दिइएको वर्तमान नेपाली समाजमा छोरा वा छोरी कसलाई प्राथमिकता वा दुबैलाई बराबरी प्राथमिकता हुन्छ भन्ने सवालमा कुल उत्तरदाताहरू मध्ये २२.९१ प्रतिशत उत्तरदाताहरूले दुबैलाई बराबरी प्राथमिकता दिने कुरा बताए भने कुल प्रतिशतको ४३.७५ प्रतिशतले छोराको प्राथमिकता दिने कुरा बताए तर पनि छोरीको मात्र प्राथमिकता दिने सवालमा उत्तरदाताहरू ३३.३३ प्रतिशत मात्र रहेको छ ।

समग्रमा समान सम्पत्तिको वितरण पश्चात छोरीले पनि सम्पत्ति सम्बन्धी अधिकार पाए पश्चात धार्मिक कारण जति छोराको महत्व भए पनि छोरा पाउनले प्रचलन कम हुन गई छोरीको महत्व बढ्न गई छोरा र छोरी दुबैलाई समान प्राथमिकता पाउने अनुसन्धानको निचोड रहेको छ ।

### ४.३.२ समान अधिकारले पार्ने सामाजिक प्रभाव

आधाभन्दा बढि जनसंख्या महिलाले ओगटेको हाम्रो समाजमा महिलालाई कम प्राथमिकता दिइने गरेको देखिन्छ साथै अधिकांश समाजिक कार्यमा महिला वर्गलाई समावेश गर्न हुदैन भनी उनीहरूलाई संलग्न गराइएको हुदैन । त्यसैले महिलालाई पैत्रिक सम्पत्तिमा हकदार बनाइएको खण्डामा त्यसले समाजमा के कस्तो प्रभाव पार्दछ भन्न सवालमा उत्तरदाताहरुको विचारलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

तालिका नं. ७

सम्पत्तिको समान अधिकारले पार्ने सामाजिक प्रभाव

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| समाजमा परिर्वतन आउँछ | १५० | ५२.०८ |
| समाजमा नकरात्मक प्रभाव पर्छ | ९२ | ३१.९४ |
| समाजमा कुनै परिवर्तन आउँदैन | ५८ | २०.१३ |
| **जम्मा** | **२८८** | **१००** |

(स्रोत : क्षेत्रगत अध्ययन, २०७६ )

प्रस्तुत तालिका नं. ७ अनुसार कुल उत्तरदाताहरु मध्ये ५२.०८ प्रतिशत उत्तरदाताहरुले माजमा सामाजिक विकास हुन्छ भन्ने विचार व्यक्त गरेका थिए । महिलाहरुको आफ्नै सम्पत्ति हुने हुँदा समाजमा बढि मात्रामा संलग्न रहन जाने र सामाजिक विकास हुने तर्क राखेका छन् । ३१.९४ प्रतिशत उत्तरदाताहरु समान पैतृक सम्पत्तिको वितरणले समाजमा अन्य वस्तुहरुले भन्दा सम्पत्तिले बढि प्राथमिकता पाउने हुनाले खराब मानसिकताको विकास हुने कुरामा विचार राखेका छन् । त्यस्तै २०.१३ प्रतिशत उत्तरदाताले समान अवसर दिएको खण्डमा पनि खासै असर नपरी पहिलेको जस्तै अवस्था हुने विचार राखेका छन् ।

समग्रमा महिलालाई सम्पत्तिमा समान अवसरले महिलाको सामाजिक स्थितिमा सुधार हुनजाने उनीहरुको सामाजिक क्रियाकलापमा संलग्नता बढ्न गइ समाजमा सामाजिक विकास हुने कुरा अनुसन्धानका निचोड रहेको छ ।

समग्रमा अध्ययन गर्दा माथिका तालिका नं. १, २, ३, ४, ५, ६, र ७ लाई हेर्दा पैतृक सम्पत्तिमा महिलाहरुको समान अधिकार नहुनुको कारणहरु के के हुन सक्छन् ? समान अधिकार दिने कुरा कस्तो लाग्छ ? साथै त्यसले परिवारमा कस्तो प्रभाव पार्दछ पैतृक सम्पत्तिको समान वितरणपछि महिला र पुरुष बीचको सम्बन्ध कस्तो हुन्छ जस्ता कुराहरुलाई समेटेर

समग्रमा विश्लेषण गर्दा थोरै मात्रामा यसको नराम्रा पक्षहरु देखिए तापनि तुलनात्मक रुपले धेरै यसको राम्रा पक्षहरु रहेको देखिन्छ। तथ्याङ्कको विश्लेषणबाट अधिकांश उत्तरदाताहरुलाई पैतृक सम्पत्तिको ज्ञानको जानकारी भएको, पैतृक सम्पत्तिमा महिलाहरुलाई समान अधिकार दिने कुरा धेरै उत्तरदाताहरुले राम्रा जाहेज भएको कुरा बताएका छन्। पैतृक सम्पत्तिमा समान अधिकार नहुनुमा पितृसत्ता समाज भएकोले भन्ने देखियो। पैतृक सम्पत्तिको समान अधिकार छोरा र छोरी दुबैले पाउनु पर्दछ। पैतृक सम्पत्तिमा समान अधिकार पश्चात परिवारमा सकरात्मक सुधार आउने कुरा व्यक्त भएका छन्। यसले के देखाउँछ भने समय अनुसार सामाजिक गतिविधिहरु पनि परिवर्तनहरु हुँदै गइरहेका छन्। समयको मागसँगै महिलाहरुलाई पनि विभिन्न हक अधिकारहरु प्रदान गरिनु पर्दछ। यदि महिलाहरुलाई पैतृक सम्पत्ति माथिको समानअधिकार प्रदान गर्दा उनीहरुको सर्वाङ्गीण विकास भई महिला सशक्तिकरणमा टेवा पुग्नका साथै राष्ट्र निर्माणमा सघाउ पुग्छ भने महिलाहरुलाई सम्पत्तिको मालिक बनाउनु पर्दछ भन्ने विचारहरु व्यक्त भएको पाइयो।

# अध्याय पाँच

# पैतृक सम्पत्तिमा समान अधिकारले पारेको प्रभावहरु

यस अध्यायमा महिलाहरुलाई समान रुपले पैतृक सम्पत्तिमा अधिकार दिदाँ समाजमा पारेको प्रभावहरुलाई प्रस्तुत गरिएको छ । पैतृक सम्पत्ति पाउनु पुरुष सरह महिलाहरु पनि त्यतिकै समान रुपमा हकदार छन् । तर पनि समाजमा यसले धेरै प्रभावहरु पारिरहेका छन् । त्यसैले यस अध्ययमा पैतृक सम्पत्तिमा समान अधिकारले पारेका प्रभावहरुलाई निम्न बुदाँहरु राखी व्याख्या गरिएको छ ।

## ५.१ पारिवारिक उन्नति

पैतृक सम्पत्तिमा महिलाको अवसरले परिवारमा उन्नति भएको यसमा समावेस भएका घटना अध्ययनहरूले देखाएको छ । परिवारको आर्थिक भार बाढिने हुनाले श्रीमानको आर्थिक जिम्मेवारी बहन गर्न सहज भएको यसमा सम्लग्न घटना अध्ययनले देखाएको छ । कतिपय घटना अध्ययनमा परिवारको पुरै आर्थिक भार नै प्राप्त पैतृक सम्पत्तिले धानेको देखिन्छ । होटल, व्यापार व्यवसाय जस्ता कार्य गरी आफ्नो जिवीका धानको पनि देखिन्छ भने कतिपय घटना अध्ययनमा पैतृक सम्पत्तिको रुपमा पाएको घरलाई नै भाडामा लगाएर आफ्नो र परिवारको आवश्यकता पुरा गरेको पनि देखिन्छ ।

## ५.२ पारिवारिक अवन्नति

प्राय गरी महिलालाई प्रैतिक सम्पत्ति प्रदान गरे पछि परिवारमा आर्थिक भार बाँडिने हुनाले परिवारको अवन्नत्ति नहुने गरेको छ । त्यस्तै गरी यस अध्ययनका क्रममा पनि त्यस प्रकारका आर्थिक अवन्नतिको घटना रहेका छैनन् ।

## ५.३ पारिवारिक निर्णयमा महिलाको प्रभाव

नेपाली समाजमा घर व्यवहारका भित्रि निर्णयहरू महिलाले गर्ने गरेता पनि परिवारका निकै महत्वपुण र जटिल अर्थ राख्ने निर्णयमा पुरुषको मात्र एकल निर्णय वा महिलालाई जानकारी मात्र दिने गरीएको देखिन्छ ।

घटना अध्ययन ९, १२, १३ मा परिवारमा हरेक निर्णको अवस्थामा उहाँहरूको निर्णको कदर हुने र आपसी सरसल्लाहले मात्र कार्य हुने गरेको उहाँहरूले बताउनु भयो । घटना अध्ययन अनुसार महिलाको पैतृक सम्पत्तिको अधिकार पश्चात परिवारमा कुनै पनि कुराको निर्णय गर्नु पर्ने अवस्थामा परिवारबाट दुबैको आपसी सहमतिद्धारा उक्त विषयमा निर्णय गर्ने गरेको पाईएको छ । प्राय गरि महिलाले पाएको पैतृक सम्पत्ति परिवारमा महिला र पुरुष दुबैको नाममा हुने र पैतृक सम्पत्ति संयुक्त हुने हुनाले परिवारको हितको लागि दुबैको आपसी सहमतीद्धारा निर्णय हुने निष्कर्ष यस शोधको रहेको थियो ।

## ५.४ बाबु छोरा विचको सम्बन्ध

घटना अध्ययन ३ र ८ का परिवारमा छोरीलाई सम्पत्ति दिदा परिवारमा कलह भएको र मुद्दा मामिला परेर जितेर मात्र सम्पत्ति पाएको कारणले उहाँका दाजुभाईहरूको बुवासँग राम्रो सम्बन्ध नरहेको र द्धन्दको अवस्था आएको देखिन्छ । नेपाली समाजमा छोरालाई पैतृक सम्पत्तिको अंशीयार बाबुको हकदारको रुपमा लिईने गरिएको छ । कानुनले सन्तानलाई समान अधिकारको हक दिएता पनि अझै पनि यो व्यवहारीक रुपमा लागु हुन नसकेको अवस्था रहेको छ । जसमा कोहि बुवा आमाले आफ्ना छोरीलाई पनि छोरा सरह सम्पत्ति दिन चाहेमा छोराले आफ्नो अधिकार खोसिएको रुपमा लिने गर्ने गरेका धेरै उदाहरण हाम्रो समाजमा रहेका छन् । जसका कारण सम्पत्ति पाउने आफ्ना दिदिबहिनीसँग मात्र नभएर सम्पत्ति छोरीलाई दिने बुवाआमा वा अभिभावकसँग पनि छोराको द्वन्द्वको अवस्था आई सम्बन्ध बिग्रेका धेरै उदाहरणहरू रहेका छन् ।

घटना अध्ययनका अनुसार पैतृक सम्पत्तिमा छोरा र छोरीको समान अधिकार भएर यस प्रकारका केहि द्वन्द्वको अवस्था आएको छ । पैतृक सम्पत्तिमा समान अधिकार दिदा अभिभावक र छोराहरू विचमा कस्तो प्रकारको अवस्था सिर्जना होला भन्ने कुरालाई पनि हाम्रो अध्ययनले हेर्ने प्रयास गरेको छ ।

पैतृक सम्पत्ति छोरीलाई दिदाँ कतिपय छोराहरूले आफ्नो भाग खोसिएको महसुस गर्ने गरेको र बाबु छोरा विचमा द्वन्द्वको अवस्था आएको देखिन्छ ।

## ५.५ दाजुभाई दिदीबहिनी विचको द्वन्द्व

घटना अध्ययन ३ र घटना अध्ययन ८ का परिवारमा छोरीलाई सम्पत्ति दिदा परिवारमा कलह भएको र मुद्दा मामिला परेर जितेर मात्र सम्पत्ति पाएको कारणले उहाँहरूका दाजुभाईहरूको द्धन्दको अवस्था आएको देखिन्छ । र अन्य घटना अध्ययनहरूमा पनि साना तिना आन्तरिक द्धन्दको अवस्था रहेको हामीले पाउन सक्दछौ र अन्यमा बुवाआमा वा अभिभावकको निर्णयले सम्पत्ति प्रदान गरेको कारण त्यस्तो द्धन्दको अवस्था नआएको देखिन्छ ।

पैतृक सम्पत्तिमा महिलाको अधिकार पछि दाजुभाई दिदीबहिनी विचको अन्तर द्धन्दलाई पनि यस शोधमा समेट्ने प्रयास गरिएको छ । हाम्रो समाज पृतिसत्तात्मक समाज भएकोले अझै पनि छोरालाई सारा सम्पत्तिको उत्तारधिकारी र छोरीलाई अर्काको घरमा जाने जातको रुपमा लिईने गरेको हाम्रो समाजमा छोरीलाई पनि सम्पत्तिमा समान अवसर दिदा दाजुभाई र दिदिबहिनीहरू विचमा अन्तर द्धन्द्धको अवस्था रहेको छ । यस शोधमा पनि पैतृक सम्पत्तिमा अधिकार दिएको अवस्थामा परिवारका दाजुभाई र दिदीबहिनी विचमा द्धन्दको अवस्था रहेको छ ।

## ५.६ सम्पत्ति बेच विखनको समस्या

तर उनीहरूले पाएको सम्पत्ति पुर्ण अधिकारसहित पाएको कुरा हामीले थाहा गर्यौं । सम्पत्तिलाई पुर्ण रुपमा नै उपयोग गरेको हामीले थाहा पायौ । छोरा सरह अधिकार पाए पछि त्यसको सबै स्वामित्व पनि छोरीलाई नै प्राप्त हुने भएता पनि कति पय अवस्थामा छोरीले पाएको अधिकारको सम्पत्ति भोग चलनका लागि मात्र दिएको जस्तो अवस्था बुवा तथा माइती पक्षबाट देखिने व्यवहारीक समस्या समाजमा रहेको छन् । यसो हुनुमा दुई कारणहरू हाबी भएको देख्न सकिन्छ । पहिलो बुवा आमाले छोरीलाई द:ुख अप्ठेरोमा काम चलाउन र गरिखानलाई दिएको सम्पत्तिको बेचविखन गरि गलत प्रकारले उपभोग होला कि भन्ने एउटा कारण रहेको छ भने अर्को तर्फ प्रदान गरिएको सम्पत्ति छोरी वा दिदीबहिनीको शेस पछि पु:न प्राप्तीको लोभले पनि भोगचलनको अधिकार मात्र दिने र छोरीको शेष पछि माइतीमा नै फीर्ता लिने प्रकारले कति पय अवस्थामा बेचविखनमा समस्या हुने देखिएको छ । भने अर्को तर्फ समाजमा चल अचल सम्पत्तिमा महिलाको भन्दा पुरुषको दबदबा बढि हुने भएका कारण

श्रीमानबाट महिलालाई थाहै नदिई बेच विखन गरी सम्पत्तिको गलत उपयोग हुने अवस्था कायम रहेको देखिन्छ ।

## ५.७ आपसी रेखदेखको अवस्था

यस सोधमा समावेश भएका धेरै घटना अध्ययनहरूमा छोरीको रेखदेखको निम्ति अभिभावकले छोरीलाई सम्पत्ति दिएको पाईन्छ । त्यो चाहे बुढेसकालमा आमाबुवाको हेरचाह रेखदेखको निम्ति होस् वा छोरीको भविष्यको सुरक्षाको निम्ति होस् । यसरी सम्पत्तिको समान अवसरले अभिभावक र सन्तान विचमा र श्रीमान श्रीमति विचमा रेखदेखको अवस्था राम्रो हुने देखिएको छ ।

घटना २ कि बिन्दु थापाले बृद्ध अवस्थामा हुनुभएकी हजुरआमाको रेखदेख गरेको कारण उहाँलाई पैतृक सम्पत्ति मिलेको पाईन्छ । त्यस्तै घटना अध्ययन ३, ४, ५, ६, ८, १० ले पैतृक सम्पत्तिको प्राप्ती पछि बुवाआमाको हेरचाह गरेर आफैसँग राख्नुभएको छ । जसमध्येमा घटना ६ र ११का पात्रहरू विवाह नगरी माईतीमै आमाबुवासँग रहेका छन् भने अन्य पात्रहरू घटना ३, ४, ५, ८ र १० का पात्रहरूको विवाह पछि पनि अभिभावकलाई सँगै राखेर उहाँहरूको रेखदेख गरेको पाईन्छ । त्यस्तै घटना १ मा परिवारमा छोरीहरूको भविष्य पनि राम्रो होस् भनेर सम्पत्तिमा समान हक दिनु भएको छ भने घटना अध्ययन ८ मा शारदालाई उहाँको परिवारले शारिरीक अशक्तताको कारणले जिवन जिउन सहज होस् भनेर सम्पत्ति प्रदान गरेको पाईन्छ ।

यसरी पैतृक सम्पतिमा समान अवसरले परिवारको एक आपसमा राम्रो हेरचाह र रेखदेख हुने कुरालाई यस अध्ययनले राम्रोसँग देखाएको छ ।

## ५.८ सम्बन्धको विच्छेदको अवस्था

पैतृक सम्पत्ति पाएका मध्ये अधिकांस घटना अध्ययनका पात्रहरू विवाहीत हुनुहुन्छ । जसमा कुनै पनि घटना अध्ययनमा पैतृक सम्पत्तिको प्राप्ती पछिको अवस्थामा विवाह विच्छेदको अवस्था आएको देखिदैन । समान अधिकार प्राप्त विवाहित मध्ये कसैको पनि सम्पत्तिमा अधिकार भए पछि श्रीमान श्रीमति बिचको विवाह विच्छेदको अवस्था रहेको छैन । बरु वैवाहिक सम्बन्ध राम्रो भएको अनुभव यसबाट प्राप्त भएको छ । यसले पैतृक सम्पत्तिमा महिलाको समान अवसरले विवाहलाई झन बलियो र मजबुत बनाएको प्रष्ट देखिन्छ ।

## ५.९ बाबु आमा पाल्ने दायित्व

यस अध्ययनमा समावेस गरिएका घटना अध्ययनहरू मध्ये घटना अध्ययन ३, ४, ५, ६, ८, १० र ११ का पात्रहरूले आमाबुवालाई छोरीले नै पालन पोषण गरेको देखिएको छ भने अन्य घटना अध्यनमा बुवाआमालाई छोराले नै पालेको र कतिमा अझैसम्म छोरा वा छोरीको सहारा नचाहिएको पनि देखिएको छ। धेरैमा आमाबुवा वा परिवारको अभिभावकको स्याहार सुसार र हेरचाह गरेकाले पनि सम्पत्ति पाएको बताएका छन्। सम्पत्तिमा अधिकारको प्राप्ति पछि आमाबुवाको पालन पोषणमा महिला छोरीले नै धेरै अभिभारा लिएको पाईयो।

शोध अध्ययनबाट प्राप्त नतिजा अनुसार पैतृक सम्पत्तिमा महिला र पुरुष दुबैको समान हक अधिकार भएमा बाबु आमा पाल्ने कर्तव्य पनि समान हुनुपर्दछ। उनीहरूले सबै हक अधिकारको अलवा पैतृक सम्पत्तिमा समेत समान अवसर भएबाट बाबुआमा पाल्ने कर्तव्य पनि समान रहदा मात्र समानताको प्रत्याभुति प्राप्त हुने तर्क व्यक्त गरेका थिए। हाम्रो समाजमा परम्परा देखि बाबुआमा छोरासँग बस्ने चलन भएका कारण यस्तो धारणा आएको थियो। यस शोधमा उल्लेख गरीएको घटनाहरूमा छोराले भन्दा छोरीले परिवार र बृद्ध बाबुआमाको पालन पोषण र हेरचाह गर्ने हुनाले अधिकांस अभिभावकहरू छोरीसँग नै बस्न रुचाएको अवस्था छ। छोरीले पनि बाबुआमा पालनपोषण गर्नुपर्दछ भन्ने धारणा गरेका छन्।

समग्रमा पैतृक सम्पत्ति लगायत सम्पुर्ण हक अधिकारमा छोरा छोरीको बराबार हक लाग्ने हुँदा कर्तव्य पनि समान हुनुपर्ने हुनाले बाबुआमा पाल्ने दायित्व पनि छोरीमा पनि बढेर गएको अनुसन्धानको निचोड देखिन्छ।

## ५.१० स्वावलम्बनको अवस्था

घटना १२ कि सीता गुरुङ्गले यसलाई आफ्नो अचल सम्पत्तिको रुपमा धितो राखेर पैसा निकाली आर्थिक उपाजनको कार्यमा प्रयोग गरेको देखिन्छ। घटना अध्ययन १३ कि शान्ति गुरुङ्गले आफ्नो पैतृक सम्पत्तिलाई व्यापार, व्यवसायमा उपयोग गरेको देखिएको छ त्यस्तै घटना १४ कि शर्मिला मगरले आफुले पाएको पैतृक सम्पत्तिलाई बेचविखन गरी व्यापार व्यवसाय गरी नयाँ ठाँउमा जग्गा किनी नयाँ घर बनाउन खोज्नु भएको छ। यसरी महिलामा परिवारसँग मिले पैतृक सम्पत्तिको उपयोग गरि स्वलम्बनको अवस्था सिर्जना भएका पाईन्छ।

घटना अध्ययन अनुसार अधिकांसमा सम्पत्तिमा अधिकार पाउँदा धेरै महिलाहरूमा आर्थिक रूपमा सक्षम भएको बताएका छन् । पैतृक सम्पत्तिमा समान अधिकारले सशक्तिकरणमा पनि सकरात्मक प्रभाव पारेको देखियो । जसले गर्दा महिलाहरू उत्पादनशील क्षेत्रमा बढी सक्रिय हुन सक्छन् । चेतनाको स्तर बढ्ने, विविध क्षेत्रमा पहुँच पुग्न सक्छ, विद्यमान आर्थिक सामाजिक एवं धार्मिक संरचनाले महिलाहरूलाई कमजोर बनाईरहको अवस्थामा पैतृक सम्पत्तिमा समान अवसरले आर्थिक क्रियाकलापहरू बढ्छन् महिलालाई केहि गर्ने हौसला मिलेको यस अध्ययनले देखाएको छ ।

पैतृक सम्पत्तिमा महिलाको समान अधिकार भए पश्चात महिलाहरूको सामाजिक, आर्थिक, शैक्षिक तथा राजनीतिक आदि विविध पक्षहरूमा सुधारात्मक परिवर्तन आउँछ । चुलाचौकामा मात्र सिमित हुनुपर्ने स्थितिबाट बाहिर निस्कि शिक्षा, राजनीति, रोजगारीको क्षेत्रमा सहभागिता बढ्न सक्छ । उनीहरू परिवारमा निर्णायक भूमिका खेल्न सक्दछन् । विवाह जस्तो कुरामा पनि परिवारको दवावमा नपरी आफ्नो स्वेच्छाले गर्न सक्छन् । पैतृक सम्पत्तिमा महिलाका समान अधिकारले महिला शसक्तिकरणमा टेवा पुऱ्याउनुको साथै महिलाहरूको चौतर्फि विकासमा टेवा पुऱ्याउने विचारहरू व्यक्त भएका छन् ।

## ५.११ महिलामाथि हुने हिंसाको अवस्था

पैतृक सम्पत्तिको अवसरले महिला माथि हुने हिंसा रोकिएको देखिएको छ । सम्पत्ति पाउदाको समयमा भएका झैझगडा र मामिलाका बाबजुद पनि अन्तत परिवारमा महिलामाथि हुने हिंसा रोकिएको देखिएको छ । श्रीमानले गर्ने हिंसा त घटना अध्ययनमा देखिएका छैनन् । अनि परिवारका अन्य सदस्यहरू सासुससुराबाट हुने गरिएका हिंसा र द्वन्दको अवस्था रोकिएको यस अध्ययनले देखाएको छ । पैतृक सम्पत्तिको प्राप्तीले परिवारमा पारस्पारिक सम्बन्ध झन बढेको बताएको र महिलालाई सम्मानको दृष्टिले हेरेर महिलामाथि हुने हिंसा कम भएको देखिन्छ । नेपाली महिलाहरूलाई पैतृक सम्पत्ति प्राप्ती पछि श्रीमानले श्रीमतीको सम्पत्तिका कारण श्रीमतीलाई थप माया दिने र आर्थिक रूपमा दुबै जना सक्षम हुने हुदा पनि दुबैको सम्बन्ध राम्रो हुने अनुसन्धानको निचोड रहेको छ ।

यस अध्ययन अनुसार महिलाहरूले पनि पैतृक सम्पत्तिको हकवाला भएपछि उनीहरू माथि समाज, परिवार र श्रीमानबाट शोषणको अन्त्य हुने कुरा व्यक्त गरेका थिए । सम्पत्तिको

अधिकार सम्पन्न भएपछि महिलाहरूको पनि पारिवारिक हैसियत बृद्धि हुनाले र सम्पत्ति कै कारण परिवार र श्रीमानबाट थप माया पाउने तर्क उत्तरदाहरूले व्यक्त गरेका छन् ।

## ५.१२ पैतृक सम्पत्तिमा समान अवसरले महिलाको आत्मसम्मानको अवस्था

घटना १ का अनुसार आफ्ना छोरीहरूलाई सम्पत्ति बाडफाँड गरिदिनुभए पछि उहाँका छोरीहरूको आत्मसम्मानको अवस्था राम्रो भएको र उहाँका छोरीहरूले अहिले राम्रोसँग आफ्नो काममा लागेको उहाँले बताउनु भयो । त्यस्तै घटना २ र घटना ६ अनुसार उहाँहरु अहिले शिक्षीकाको रुपमा रहनुभएको छ र उहाँहरूको पनि आत्मसम्मानको अवस्था राम्रो रहेको छ । पैतृक सम्पत्तिमा समान अवसर पाएबाट घटना १२ ले पनि राम्रो आत्मसम्मान मिलेको उहाँको अनुभव रहेको छ ।

सम्पत्तिमा अधिकार पाउँदा धेरै महिलाहरूमा आर्थिक रूपमा सक्षम भएको र आत्मसम्मान बढेकोले कसैमाथि निर्भर रहन नपरेको बताए । त्यसैले सम्पत्ति दिदा महिलाहरू सक्षम र आत्मसम्मान उच्च हुने देखिएको छ । पैतृक सम्पत्तिमा समान अधिकारले सशक्तिकरणमा पनि प्रभाव पार्ने हुँदा महिलाहरू उत्पादनशील क्षेत्रमा बढी सक्रिय हुन सक्छन् । चेतनाको स्तर बढ्ने, विविध क्षेत्रमा पहुँच पुग्ने, विद्यमान आर्थिक सामाजिक एवं धार्मिक संरचनाले महिलाहरूलाई कमजोर बनाईरहको अवस्थामा पैतृक सम्पत्तिमा समान अवसरले आत्मबल बढेको देखाएको छ । आर्थिक क्रियाकलापहरू बढ्दा महिलाहरू स्वावलम्बी हुन्छन । महिलालाई केहि गर्ने हौसला मिल्नुका साथै आफ्नो आत्मसम्मा उच्च भएको यस अध्ययनले देखाएको छ ।

## ५.१३ सामाजिक तथा धार्मिक कार्यमा महिलाको सहभागिता

घटना अध्ययन १ का अनुसार भनाईमा सबै मानवहरू ईश्वरका सृष्टि हुन भन्नुहुन्छ । त्यसकारण पनि उहाँका छोरीहरू सबै सामाजिक तथा धार्मीक कार्यहरूमा विना विभेद भाग लिने र सहभागीता जनाउने गर्नु भएको छ । यस सोध अनुसार छोरीलाई पैतृक सम्पत्तिको समान अवसर भए पश्चातको अवस्थामा सामाजिक तथा धार्मिक कार्यमा महिलाहरूको सहभागिता बढेको देखिएको छ । वास्तवमा महिलालाई पैतृक सम्पत्तिमा समान अवसरले उनीहरूको समाजमा विभिन्न सामाजिक तथा धार्मिक कार्यमा सहभागिता बढेका कुरा देखिएको छ । भने अर्को तर्फ आफ्नो नातेदारीले भन्दा सम्पत्तिले बढि प्राथमिकता पाउने

हुनाले र माइतीले पनि छोरीलाई सम्पत्ति दिनै पर्ने बाध्यत्मक स्थितिले एक आपसमा दुरी बढ्दै जाने हुनाले सामाजिक तथा धार्मिक कार्यमा महिलाहरूको सहभागिता घटेको कुरा व्यक्त गरेका छन् ।

## ५.१४ पैतृक सम्पत्तिमा अधिकारले सामाजिक कार्यमा महिलाको भूमिका

घटना २ र ६ अनुसार शिक्षीका भएर समाजका हरेक सामाजिक कार्यमा अग्रसरता देखाउने गर्नुहुन्छ भने लामो समय सामाजिक संस्थामा कार्य गरी आफ्ना ठाँउमा हुने हरेक प्रकारका समाजिक काममा नेतृत्वदायि भुमिकामा देखिनुहुन्छ ।

आधाभन्दा बढि जनसंख्या महिलाले ओगटेको हाम्रो समाजमा महिलालाई कम प्राथमिकता दिइने गरेको देखिन्छ साथै अधिकांश सामाजिक कार्यमा महिला वर्गलाई समावेश गर्न हुदैन भनि उनीहरूलाई संलग्न गराइएको हुदैन । त्यसैले महिलालाई पैतृक सम्पत्तिमा हकदार बनाउदा सामाजिक कार्यमा महिलाको अवस्था कस्तो रह्यो भन्ने खण्डमा उत्तरदाताहरूको विचारलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

यसरी पैतृक सम्पत्तिमा महिलाको समाना अवसरले सामाजिक कार्यमा महिलाको सक्रियता बढ्ने गरेको कुरा देखिएको छ । महिलाहरूको आफ्नै सम्पत्ति हुने हुँदा समाजमा हुने सामाजिक कार्यमा बढि मात्रामा संलग्न रहन जाने र सामाजिक विकास हुने देखिएको छ । समग्रमा महिलालाई सम्पत्तिमा समान अवसरले महिलाको सामाजिक स्थितिमा सुधार हुनजाने हुनाले उनीहरूको सामाजिक क्रियाकलापमा संलग्नता बढ्न गइ समाजमा सामाजिक विकास हुने कुरा अनुसन्धानको निचोड रहेको छ ।

समग्रमा अध्ययन गर्दा महिलाहरूको पैतृक सम्पत्तिमा समान अधिकारले समाजमा एक दम राम्रो प्रभाव पार्ने कुरा देखिएको छ । यसले श्रीमान श्रीमती विचको सम्बन्धमा राम्रो प्रभाव पारेका पाईयो । श्रीमान श्रीमती विचमा सुमधुर सम्बन्ध कायम भई परिवारको आर्थिक भार बाडिएको अध्ययनले देखाएको छ जसको कारण परिवारमा आपसी समझदारि बढ्ने विश्वासको वातावरण निर्माण हुने, परिवारको आर्थिक उन्नती हुने, परिवारमा महिलोको अवस्था सुधार हुने देखिएको छ । एकाध घटनालाई छोडेर हेर्दा परिवारका बाबुछोरा र दिदी बहिनी र दाजुभाई विचको सम्बन्धमा पनि सकरात्मक प्रभाव परेको देखियो । आपसी रेखदेखको अवस्था त छोरा र छोरीलाई पैतृक सम्पत्तिको समान अधिकारले निकै नै राम्रो भएको पाईयो । छोरीले पनि आमाबुबाको जिम्मेवारी महसुस गरेकाले बृद्ध अवस्थामा अभिभावकको

राम्रो स्याहार सुसार भएको अध्ययनले देखायो । जसले परिवारका सबै सदस्यमा नजिकको आत्मियताको अवस्था कायम हुन सकेको छ । साथै महिलामाथि हुने गरेका हिंसाका घटनाहरू पनि घटेको र महिलाहरू स्वावलम्बन बनि उनीहरूको सामाजिक, आर्थिक, धार्मीक कार्यमा सम्लग्नता बढेको यस अध्ययनले देखाएको छ ।

पैतृक सम्पत्तिमा महिलाको समाना अवसरले महिला शसक्तिकरणमा पनि टेवा पुऱ्याई उनीहरूले आफ्नो, परिवारको र राष्ट्रको लागि केहि गर्न सक्ने हुन्छन् । उनीहरू आफु आर्थिक, सामाजिक, एवम् धार्मिक संरचनाले महिलाहरूलाई कमजोर बनाईरहेको अवस्थामा पैतृक सम्पत्तिमा समान अवसरले आत्मबल बढ्न गई आर्थिक क्रियाकलापहरू बढेको अधययनबाट पाईयो । यदि महिलाहरूलाई पैतृक सम्पत्तिमा समान अधिकार भएको खण्डमा उनीहरूमाथि भए गरेका शोषण, हिंसा, अन्याय, अत्याचार र दबाब केहि मात्रामा भए पनि कम हुने कुराहरू व्यक्त भएका छन् । पैतृक सम्पत्तिमा समान अधिकार पछि उनीहरूको शैक्षिक स्तर बृद्धि भई उनीहरूलाई रोजगारीका अवसर सृजना हुने कुराहरू व्यक्त भएका छन् ।

समग्रमा भन्नुपर्दा पैतृक सम्पत्तिमा महिलाहरूको समान अधिकारको कुरा समाजले एकै चोटि आत्मसाथ गर्न नसके पनि विस्तारै ग्रहण गर्ने छ । समाजमा कहिँकतै नराम्रा विकृति परिवारमा पतिपत्नी बिचको सम्बन्धमा खटपट दाजुभाई र दिदी बहिनी बिचमा मनमुटाव आदि जस्ता केहि थोरै नकारात्मक प्रभाव परेपनि विस्तारै परिवर्तन हुँदै जाने र परिवार तथा समाजमा महिलाको स्थान, निर्णय प्रक्रियामा महिलाको सहभागिता, बाबुआमा पाल्नको लागि छोराछोरी दुबैको दायित्व बोध हुनु, परिवारमा पारस्पारिक सम्बन्ध हुनु जस्ता सकारात्मक प्रभावहरू पर्नुका साथै पैतृक सम्पत्तिमा महिलाहरूको समान अधिकारका कुराले महिलाहरूको जीवन स्तर उकास्न सहयोग पुऱ्याउनका साथै महिला सशक्तिकरणमा जोड दिई महिलाहरूलाई स्वतन्त्र भई बाँच्ने आधार खडा गर्नुका साथै विकास निर्माणका काममा महिला र पुरुष एक रथका दुई पाङ्ग्रा समान हातमा हात र साथमा साथ मिलाई आगाडि बढेको खण्डमा समाज तथा राष्ट्रको हित हुने कुराहरू अनुसन्धाको निचोड रहेको थियो ।

# अध्याय छ
# सारांश र निष्कर्षहरू

## ६.१ सारांश

प्रस्तुत शोधपत्र पैतृक सम्पत्तिमा महिलाहरूको अधिकार र यसको सामाजिक प्रभाव सम्बन्धी कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ६ को एक समाजशास्त्रीय अध्ययन विषयमा तयार पारिएको हो । विगतमा छोरा छोरी बीचमा अंशमा विभेद गरिएकोमा विगत केहि वर्ष पहिले पैतृक सम्पत्तिमा छोरा सरह अंशमा समान अधिकार दिँदा महिला पुरुषहरूमा सामाजिक, आर्थिक, राजनितिक, सांस्कृतिक प्रभाव र महिला पुरुषमा पार्ने सकारात्मक वा नकारात्मक पक्षहरू र यसले समाजमा पार्ने प्रभावहरू नै यस अनुसन्धानको मुख्य विषय हो । यो एक समाजशास्त्रीय अध्ययन भएको हुनाले छोरीलाई पनि छोरा सरह पैतृक सम्पत्तिको अधिकार दिएमा समाज, परिवार, धर्म, संस्कृति र महिलाहरूको व्यक्तिगत स्थितिका साथै समाजमा पर्ने प्रभावहरू नै यस अनुसन्धानको समस्याको प्रस्तुतीकरण हो ।

कास्की जिल्ला भित्र रहेका सरकारी कर्मचारी, शिक्षक र विभिन्न विद्यालय तथा क्याम्पसका विद्याथीहरूबाट १९२ जना महिला र ९६ जना पुरुषहरू नै यस अनुसन्धानको उत्तरदाताहरू हुन् । प्राथमिक तथ्याङ्क सङ्कलनको लागि उद्देश्यपुर्ण नमूना छनौट विधिको प्रयोग गरिएको छ । प्राप्त प्राथमिक तथा द्धितिय तथ्यांङ्कहरूलाई साधारण तथ्याङ्कीय पद्धति अनुसार प्रतिशत, औषत आदिका माध्यमबाट तथ्याङ्क विश्लेषण गरीएता पनि संख्यात्मक भन्दा गुणात्मक तथ्याङ्कलाई बढि प्राथमिकता दिइएको छ । अनुसन्धानमा गुणात्मक तथ्याङ्क बढि छन् । त्यसलाई पनि संख्यात्मक रूपान्तरण गरिएको छ ।

शोधपत्रमा जातीय रूपमा उत्तरदाताको छनौट नगरिएको हुनाले उत्तरदाताहरू क्रमशः ब्राह्मण, क्षेत्री, जनजाति र दलितहरूको प्रतिशत ३३.३३, २८.४७, १२.५ र २५.६९ रहेको छ । धर्मको आधारमा हिन्दु ६४.५८ प्रतिशत, बौदिष्ट १८.७५ क्रिश्चीयन १६.६६ प्रतिशत मात्र रहेका छन् । उत्तरदाताहरूको पारिवारीक संरचना अनुसार ३९.५८ प्रतिशत संयुक्त र ६०.४१ प्रतिशत एकल परिवारबाट रहेका छन् । शैक्षिक स्थिति अनुसार शोधपत्रमा सरकारी कर्मचारी, शिक्षक र विद्यार्थी अनुसार २६.७३ प्रतिशत शिक्षक, ३२.६३ प्रतिशत विद्यार्थी, २९.५१ प्रतिशत कर्मचारी, र अन्यमा ११.११ प्रतिशत रहेका छन् ।

प्राप्त सुचनालाई वर्णनात्मक विधिबाट पनि प्रस्तुत गरीएको छ । विवरण प्रस्तुत गर्न तालिकाको प्रयोग गरीएको छ । कार्य क्षेत्रमा गई अन्तरर्वाताको माध्यमबाट गरिएको यस अध्ययनबाट प्राप्त सूचनाका आधारमा पत्ता लगाइएका मुख्य तथ्यहरू निम्न छन्,

- ९०.४७ प्रतिशतले पैतृक सम्पत्तिमा महिलाको समान अधिकार दिने कुरा राम्रो, २.३८ प्रतिशतले नराम्रो र ७.१४ प्रतिशतले मतलब छैन भन्ने कुरामा जोड दिएको पाईयो ।
- पैतृक सम्पत्तिको समान वितरणको सवालमा ३३.३२ प्रतिशतले छोरीलाई अंश दिनुपर्छ भनेका थिए । ४३.७५ प्रतिशतले छोरालाई र २२.९१ प्रतिशतले दुवैलाई भनेका थिए ।
- सामाजिक प्रभावको सवालमा ५२.०८ प्रतिशतले समाजमा सामाजिक विकास हुन्छ, ३१.९४ प्रतिशतले समाजमा खराब मानसिकताको विकास हुन्छ र २०.१३ प्रतिशतले कुनै फरक नपर्ने पहिलेको जस्तै अवस्था हुने भनेका थिए ।

## ६.२ निष्कर्ष

पैतृक सम्पत्तिमा महिलाको समान अधिकारका सम्बन्धमा उत्तरदाताहरूको धारणा अनुसार पैतृक सम्पत्तिमा महिलालाई समान अधिकार सम्बन्धका जानकारी रहेको भन्नेहरूको संख्या धेरै रहेको पाईयो । शैक्षिक वर्गमा नेपालको सम्पत्ति सम्बन्धी कानूनका बारेमा राम्रो जानकारी रहेका पाइयो । सम्पत्तिमा महिलाहरूलाई समान अधिकार दिइनु राम्रो भएको धारणा अधिकांस उत्तरदाताहरूको रहेको, सम्पत्तिमा समान अधिकार दिइएकोमा सकारात्मक सोचाई रहेकोले अंश दिनुपर्ने देखियो । यस्ता सोच र विचार रहँदा पनि हाल हाम्रो देश छोरीलाई अंश दिने कुरामा सतप्रतिशत नतिजा रहेको छैन । जबकी हाम्रो पितृसत्तात्मक समाज छ । हाम्रो समाजमा छोराको महत्व छ । छोरा भएमा स्वर्गको ढोका खुल्ने हाम्रो विश्वास रहेको छ । जसले गर्दा महिलाको सम्पत्तिमा समान अधिकार कायम नहुनमा पितृसत्तत्मक समाज प्रमुख कारण रहेको उत्तरदाताहरूको धारणा रहेको छ । त्यस्तै अझै पनि अधिकारको कुरा कानूनमा मात्र सिमित छन् । व्यवहारमा लागू हुन सकेको छैन र कतिपय महिला पुरुषहरूमा यस सम्बनधी जानकारी नै नभएको वा चेतना नै नभएको कारणले पैतृक सम्पत्तिमा महिलाको समान अधिकार कायम नभएको धारणा उत्तरदाताहरूको रहेको छ ।

छोरीलाई अंश दिनुपर्छ कि पर्दैन भन्ने सवालमा दिनुपर्छ भन्नेहरूको बाहुल्यता देखियो । उत्तरदाताहरूले छोरीलाई पनि छोरा सरह सम्पत्ति दिनुपर्छ भन्ने कुरामा जोड दिएका छन् । छोरीलाई छोरा सरह अंश दिदा पारिवारीक सम्बन्धमा सकारात्मक सुधार हुने कुरा जनाए । श्रीमानबाट हेपिएर रहनुपर्ने बाध्यता तथा बहुविवाहको मार खप्नु परेको नेपाली महिलालाई सम्पत्तिको कारणले श्रीमान श्रीमती बीच पारस्परिक सम्बन्ध झन बढ्ने बताएका छन् । छोरालाई मात्र प्राथमिकता दिने नेपाली समामा बहुसंख्यक उत्तरदाताहरूको अनुसार दुबैलाई बराबर प्राथमिकता दिइएको छ । सम्पत्तिमा समान अधिकार दिएमा पनि महिलाहरूको सामाजिक तथा धार्मिक कार्यहरूमा सहभागिता बृद्धि हुने छ । आथिएक रूपमा सक्षम भएपछि आफ्नो व्यक्तिगत निर्णयले प्राथमिकता पाउछ । जसले गर्दा महिलाहरूको उत्थानमा महत्वपूर्ण भूमिका सम्पत्तिले खेल्दछ ।

मानव जिवनमा बाच्न पाउने अधिकार सँगसँगै सम्पत्ति प्राप्त गर्ने र भोग गर्ने अधिकारले विशेष महत्व राख्दछ । सम्पत्ति केहि पनि होईन तर सम्पत्ति बाँच्नका लागि आवश्यक वस्तु अवस्य हो । सम्पत्तिले नै स्तर निर्धारण गर्ने गर्दछ । मानव जिवन निर्वाह गर्नकालाथि आथिएक पक्षको महत्वपुर्ण भूमिका रहने हुँदा महिलाहरू आत्मनिर्भर, स्वावलम्बी र जिवन उकास्नका लागि पैतृक सम्पत्तिमा छोरा सरह समान अधिकार चाहिने र हुनुपर्ने जसका कारण सम्पत्तिको समान वितरणले पारिवारीक सम्बन्ध राम्रो हुने, महिलाहरूको सामाजिक, धार्मिक तथा सांस्कृतिक क्षेत्रमा संलग्नतामा बढोत्तरी हुँदै सामाजिक विकास हुने, महिलाहरू माथि हुने भेदभावहरू घट्ने, अन्याय अत्याचार र शोषणबाट मुक्ति मिल्ने छ । यसका साथै घरभित्रका काममा सिमित रहका महिलाहरूलाई घरबाहिरका उत्पादनमुलक काममा सहभागि गराउन सकेको खण्डमा महिलाहरूले पनि राष्ट्रको विकासमा टेवा पुऱ्याउन सक्छन् । यसका लागि विकासमा महिला सहभागिता बढाउनु पर्दछ । जब महिलाहरू सक्षम, आत्मनिर्भरताका साथै विभिन्न अवसरहरूमा सहभागिता जनाउँदछन् । महिलाहरूलाई पैतृक सम्पत्तिमा समान अधिकार हुन्छ तब मात्र महिलमाथि हुने गरेका दुर्व्यवहार, दमन, उत्पीडन जस्ता कुराहरू कम भई महिला पनि पुरुष सरह सक्षम, स्वावलम्बी र आत्मनिर्भर हुन्छन् । जसले गर्दा सम्पत्तिमा समान अधिकारले समाज, परिवार र व्यक्तिगत सवालमा एक दुई नकारात्मक भन्दा बढि सकारात्मक प्रभाव पार्ने अध्ययनको निचोड रहेको छ ।

**व्यक्तिगत घटना अध्ययन १**

बि.सं. १९९६ जेष्ठ १५ गते सामान्य कृषक परिवारमा टेकनाथ बरालको जन्म भएको थियो । ग्रामीण परिवारमा जन्म भए पनि उहाँमा मैले समाज र देशको कुसंस्कृतिलाई परिवर्तन गर्नुपछ भन्ने भावना भएकाले सधैं यसमा साथ दिईरहनु भएको पाईन्छ । उहाँकी श्रीमतीको नाम हरिकला बराल हो । उहाँ ७९ वर्ष पुग्नुभयो । अहिले उहाँहरू पोखरा महानगरपालिका वार्ड नं. ६ बैदाममा बस्दै आउनु भएको छ । उहाँ अहिले पनि कृषि पेशामा संलग्न हुनुहुन्छ र यसैबाट घर व्यवहारको खर्च चलाई रहनुभएको छ । टेकनाथ बरालज्यूको जेठा पुत्र विद्या बराल अमेरीकामा बस्नुहुन्छ र बेलाबेलामा आउने जाने गर्नु हुन्छ । त्यहाँ उहाँको व्यवसाय रहेको छ । उहाँका छोरीहरू शोभा, प्रभा, पिंगला बराल सरकारी सेवाका विभिन्न उच्च पदहरूमा रहेर सेवा गरीरहनुभएको छ । स्थानीय स्कुलका शिक्षक बराल ज्यु अहिले समाज सेवामा सक्रिय हुनुहुन्छ। उहाँले गोरखा, पोखराको तालबाराहि स्कुलमा आफ्नो अमुल्य योगदान दिनुभएको छ ।

उहाँ कार्यरत रहनुभएको स्थानहरूमा उहाँले महिलाहरूमाथि हुने विभेद, दलित महिलाहरूलाई गरिएका तिरस्कार जस्ता कुप्रवृति देखेर यसको विरुद्धमा कदम उठाउन सुरुवात गर्नुभयो । उहाँ पहिले धेरै संघसंस्थामा आवद्ध हुनुहुन्थ्यो । अहिले पनि केहि संघसंस्थामा सल्लाहाकार रहेर सेवा गरीरहनुभएको छ । उहाँ सबै संघसंस्थाहरूलाई माया गर्ने र सहायता पुऱ्याउने व्यक्ति हुनुहुन्छ । उहाँको राजनितिक आस्था जान्न खोज्दा आफ्नो भनाईलाई यसरी व्यक्त गर्नु भयो, "न म योगी न म सन्यासी हुँ, न ब्राह्मण क्षेत्री वैष्य हुँ, शुद्र भनिनेहरू मेरा आफ्नै हुन न म शुद्र हुँ न म हिन्दु बौद्धीष्ट हुँ न खीष्टियन हुँ न मुस्लिम नै, जैन पनि होईन तर यी र यस्ता सयौं धर्म सम्प्रदायको तत्व ज्ञान के हो बुझ्न खोज्ने एक जिज्ञासु विद्यार्थी हुँ, मानिस हुँ । मात्र एक मानिस हुँ ।"

उहाँले आफ्ना सबै छोराछोरीलाई समान रूपमा सम्पतीको अंश बंडा गरीदिनु भएको छ । लैङ्गिक समानताका कुरा उठाउँदा उहाँले भन्नु भयो, "सृष्टिमा ईश्वरले नर र नारी बनाउनुभयो यो कसैको रहर वा करकापले होईन । यो ईश्वरको सृष्टि थामिराख्न नर र नारीको समान महत्व छ, यदि ईश्वरले नै महिला र पुरुषलाई समान गरि बनाउनुभएको छ भने नारी पुरुषलाई फरक देख्ने हामी को हौ र ?" अंशको रूपमा तीन ओटा घरमा एउटा एउटा घर र भएका केहि जग्गालाई सबै सन्तानलाई समान रूपमा प्रदान गरी दिनुभएको छ ।

अहिले उहाँसँग सम्पतीको रूपमा दुई रोपन जग्गा बारी रहेको छ । यहिबाट उहाँले आफ्नो जिविका चलाउनु भएको छ । उहाँकी श्रीमती र उहाँ यहि जमिनमा कृषि गरी गाई भैसी पालन गरी जिवविका चलाईरहनु भएको छ ।

## <u>व्यक्तिगत घटना अध्ययन २</u>

बि.सं. २०२८ सालमा पोखरा महानगरपालिका वार्ड नं. ६ मा क्षेत्री परिवारमा बिन्दु थापाको जन्म भएको थियो । उहाँको घर स्याङ्जा भए पनि उहाँ अहिले कामको शिलशिलामा काठमाण्डौमा बस्दै आउनुभएको छ । परिवारको सदस्यको राम्रो सोच भएकोले छोरीले पनि राम्रो शिक्षा हासील गरी समाजमा केहि राम्रो काम गरी देखाउनुपर्छ भन्ने सोच भएकोले उहाँले स्नातकसम्मको गुणस्तरीय शिक्षा हासील गर्न पाउनु भयो । अहिले उहाँ आफै पनि शिक्षण पेशामा संलग्न हुनुहुन्छ र उहाँका छोरा छोरीहरू पनि राम्रो स्कुलमा बिना भेदभाव अध्ययन गरीरहेका छन् । र उनीहरूले पनि आफ्नो अध्ययनमा निकै राम्रो गरीरहेका छन् ।

पारीवारीक कारणले गर्दा उहाँले परिवारको भार समाल्ने क्रममा बुढेसकालमा हुनुभएको हजुरआमाको स्याहार सुसार गर्ने जिम्मा लिनुभयो । उहाँले गर्नुभएको रेखदेख र स्याहार सुसारको कारणले गर्दा हजुरआमाले उहाँलाई पनि सम्पत्ति दिने ईच्छा व्यक्त गर्नुभएकोले उहालाई हजुरआमाले सम्पती स्वरूप माईतीबाट चार आना जग्गा दिनुभएको छ र उहाँको विवाहीता घर स्याङ्जा भएकोले पनि छोरी आफुसँगै रहोस्, टाढा नजाओस भन्ने उदेश्यले माइतीमा राखेर माइतीले नै घर जग्गा प्रदान गरीदिनुभएको छ ।

माईती परीवारमा अलि छोरी प्रति सजग भएकोले उहाँले पैतृक सम्पती पाउन सफल हुनुभएको छ । माईतीले गर्दानै उहाँले स्नातकसम्मको शिक्षा हासील गर्न पाएको बताउनुहुन्छ । नेपालमा पुरातन सोचको कारणले अहिले पनि पैतृक सम्पत्तिमा छोरा सरह छोरीको पहुँच हुन नसकेको र यसै कारणले अहिले पनि महिलाले समाजबाट धेरै प्रकारका सामाजिक दुर्व्यवहारको सिकार हुन परिरहेकोमा उहाँलाई निकै नरामाईलो लाग्ने गरेको बताउनु भयो । देशको समग्र विकासको निम्ति पैतृक सम्पत्तिमा छोरा सरह छोरीको समान हक हुनु पनि आवश्यक रहेको उहाँको विचार रहेको छ । नेपाली समाजमा अहिले पनि पैतृक सम्पत्ति छोरीलाई दिने सोच नरहेको र दिएका कुनै घटना र उदाहरण पनि विभिन्न करकाप, दया मायाँले दिने गरको उहाँको जिकीर रहेको छ । उहाँ स्वयम् आफुले पाउनुभएको सम्पत्ति पनि हक अधिकार नभई दया मायाँले पाउनु भएको जस्तो लाग्छ उहाँलाई । पैतृक सम्पत्तिमा

दया मायाँ भन्दा पनि अधिकार कायम हुनुपर्ने उहाँको विचार रहेको छ । अनि मात्र समाज र देशको विकासमा समान रुपमा सबैले भाग लिन सक्ने उहाँको दावी रहेको छ ।

**<u>व्यक्तिगत घटना अध्ययन ३</u>**

पोखरा महानगरपालीका वार्ड नं. ६ बस्ने विमला क्षेत्री एक यस्ती पात्र हुनुहुन्छ जसले पैतृक सम्पत्तिमा आफ्नो अधिकार खोज्नुभयो । उहाँले स्कुल पढ्दा देखि नै महिला अधिकारको बारेमा सुने देखि नै महिला अधिकारमा केहि न केहि गर्नै पर्छ भन्ने विचार लिनु भएकि उहाँले एउटा यस्तो विचार बनाउनुभयो जुन आफ्नै परिवारबाट सुरु गर्ने विचार गर्नु भयो । तत्कालीन कानून र उहाँको उच्च शिक्षा अध्ययनमा रहेको रहरको कारणले उहाँले समाजमा भएको चलन भन्दा केहि फरक गर्छु भन्ने अठोट लिएर बस्नुभएको थियो जस अनुसार उहाँले पैत्रीक सम्पतीमा छोरीको पनि अधिकारलाई सुनिश्चित गरेर समाजलाई उदाहरण पेश गर्ने विचार गर्नु भयो । स्नातक अध्ययन गर्दै गर्दा आएको यो विचारलाई कार्यन्वायन गर्नलाई भने उहाँलाई ३५ वर्षसम्म विवाह गर्नबाट रोक्यो । अन्तत उहाँले विवाहलाई थातीराखेर घरायसी कुरालाई नै जोड दिनुभयो कारण जुन कुराको उदाहण उहाँले समाजलाई दिनु थियो । अन्ततः उहाँका भएका दुई दाजुहरूसँग उहाँले पैत्रीक सम्पतीको लागी अधिकार माग्नु भयो तर पृतिसतात्क सोचले जकडिएको यो समाज अनुसारको विचार बोक्नु भएको उहाँको दाजुहरूलाई यो कुरा स्वीकार गर्न कठिन भयो । तर उहाँले हिम्मत नहारी मुद्धामामीला गरेरै भए पनि उहाँले आफुले पाउनु पर्ने पैत्रीक सम्पती पाएरै छाड्नुभयो ।

अहिले उहाँसँग आमा र उहाँ बस्दै आउनुभएको छ उहाँसँग अहिले आफ्नो भागमा परेको अनि आमाको जीउनी पनि उहाँले नै भोग चलन गर्दै आउनु भएको छ ।

उहाँको अनुसार अहिले उहाँले अधिकार पाउनुभए पनि छोरी भएकै कारण पैत्रीक सम्पती पाउनलाई विवाहलाई रोक्नु परेकोमा उहाँलाई नराम्रो लागेको बताउनुहुन्छ । अबका छोरीचेलीहरूले पैत्रीक सम्पतीमा छोरा सरह समान अधिकार पाउन र आफुले जस्तै विवाह नै रोक्नु नपरोस भन्ने उहाँको विचार रहेको छ । यो कुरालाई नयाँ बनेको संविधानले सुरक्षीत गरेकोमा खुशी हुदै राम्रो प्रकारले कार्यन्वयन हुनेमा आशाबादी देखिनुहुन्छ ।

**व्यक्तिगत घटना अध्ययन ४**

मनकला आचार्यको जन्म बि.सं. १९९९ साल बैशाख ६ गते हालको कास्की जिल्ला पोखरा महानगरपालीका वडा नं. ६ शान्ति पाटन टोलमा भएको थियो । उनका पाँच वटि छोरीहरू र एक जना छोरा रहेका छन् । पहिली छोरी ५५ वर्षकी भएकी छिन् । भने माईली छोरी ५१ वर्षकी छिन भने साईली छोरी ४८ वर्षकि छिन अनि एउटा छोरा ४३ वर्षका छन् त्यस्तै काईली र कान्छी छोरीहरू ३८ र ३६ वर्षका छन् । जसमा छ जनै छोरा छोरीको विवाह भईसकेको छ भने अहिले उनी छोरासँग बस्दै आउनुभएको छ । छोराले पोखरामै होटल सञ्चालन गर्दै आउनुभएको छ । अनि मनकला आचार्य हाल छोरा बुहारी र नातिनातिनीसँगै पोखरामा रहदै आउनुभएको छ ।

त्यो समयमा छोरीलाई अर्काको घर जाने, वंश चलाउन छोरा नै चाहिन्छ भन्ने समाज रहेको अवस्थामा उहाँको बुवाका अरु छोरा नभएको कारणले पनि त्यो बेलाको समाजीक विभेदको बाबजुतमा पनि बुवाको पैत्रीक सम्पती मनकलाले पाउन सकेको कुरालाई उहाँले सम्झिनु हुन्छ । बुवाआमाबाट अंशको निम्ति त्यस्तो कुनै अवरोध वा अप्ठेरो नभएता पनि समाज र मानिसहरूबाट आफु र बुवाआमाले धेरै प्रकारका नराम्रा कुराहरू सुन्नु र भोग्नु परेको कुरा यो समयमा पनि उहाँ सम्झनु हुन्छ ।

को छोरा नभएकोले उहाँ एउटी छोरी भएकोले उहाँ पैत्रीक सम्पतीको हकदार भई सम्पती उपभोग गर्दै आउनुभएको छ । उहाँले पाउनु भएको पैत्रीक सम्पतीमा अहिले पनि डेढ रोपनी जग्गा, खेतबारी र बस्नकोलागी घर र होटेल सञ्चालनको निम्ति तीनतले पक्की भवन रहेको छ यसै घरमा अहिले उहाँको छोराले होटेल सञ्चालन पनि गरीरहनुभएको छ । अनि सवारी साधानको रूपमा उहाँहरूकोमा अहिले एउटा गाडी रहेको छ र होटेलबाट हुने आम्दानीले घर व्यवहार चलाईरहनुभएको छ । अनि नाति नातिनीहरूले पनि आफ्नो अध्ययनलाई निरन्तरता दिईरहनुभएको छ ।

नयाँ संविधानको आगमन भईसके पछिको यो अवस्थामा छोरीले पनि पैत्रीक सम्पती पाउने व्यवस्था भईसकेको अवस्थामा यसको कार्यन्वयन पक्ष बलियो हुनु पर्नेमा मनकलाको जोड रहेको छ । जसरी मनकला स्वयम्ले पैत्रीक सम्पती पाउनु भयो त्यसरी नै सबै छोरीहरूले सबै सन्तानका समान अधिकार पैतृक सम्पती रहे राम्रो हुने उहाँको भनाई छ ।

**घटना अध्ययन ५**

गाउँ छिमेकमा सानी दिदी भनेर चिनीने ७५ वर्षिया सानी दिदीका दुई छोरी र एक छोरा छन् । सामान्य पढलेख गर्न पनि नसक्ने सानी दिदीको जन्म पोखरामै भएको हो । अर्काको घरमा जाने जात, छोरीलाई पढाउनु हुन्न भन्ने त्यो समयको अवस्था अनुसार उहाँले सामान्यसम्मको पनि शिक्षा पाउन सक्नुभएन ।

बैदाम शान्ति पाटनमा माईती भएकी सानी दिदीलाई पुरानो सोच र समाजको जकडीएको विचारको विचमा पैतृक सम्पती पाउन त सजिलो थिएन तर माईतीमा बुवा आमाको कुनै पनि छोराहरू नभएकाले उनका बुवाले भएका दुई छोरीहरूलाई जीवनको उत्तरार्धमा आफ्नो जायजेथा भाग लगाईदिएका थिए ।

उनका बुवाका छोराहरू कोहि नभएका कारण समाजमा मरे पछि कृया कसले गर्छ ? सम्पत्ति कसले खान्छ ? वंश नासियो जस्तो सामाजिक अपमान हुने क्रियाकलाप गर्ने गरे । समाजका कतिपय मानिसले त उनको बुवालाई धर्मपुत्र पालेर उसलाई नै आफ्नो सबै सम्पत्ति दिन र काज कृया उसले नै गर्छ भन्ने सम्मका सरसल्लाह दिने कर लगाउने कार्यहरू त्यो समयमा हुने गरेको कुरा उहाँले बताउनु भयो । कति पय समयमा आमाले पनि छोरा भएन बरु धर्म पुत्र पालौ भनेर बुवासँग कुरा गर्दा बुवाले भएका यी छोरीहरू पनि छोरा सरह हुन् भनेर सम्झाउने गर्ने कुरा बताउनु भयो । पहिले त बुवा आमा जवान होउन्जेल केहि कुराको दुःख अभाव भएन । बृद्ध अवस्था लाग्दै गर्दा अब बुढेस कालमा के होला कस्तो होला भन्ने कुराले चिन्तित पारे छोरीहरूको विवाह भई सके पछि ज्वाईले पनि राम्रो व्यवहार गरेकाले बृद्धा अवस्थामा बुवा आमाले छोराको कमि नगरेको उहाँको अनुभव रहेको छ । छोरीहरूले र ज्वाईहरू समेतले बुवा आमालाई राम्रो व्यवहार गरेकोले आमाबुवाले त्यस्तो नराम्रो अनुभव नगरेको उहाँले बताउनु भयो । पहिले पहिले छोरा भएनन् बुढेसकालमा दुःख पाउछस् भनेर बुवालाई भन्ने गाउँलेहरूले पनि हामी दिदी बहिनी र ज्वाईहरूले गरेको वास्ता स्याहार सुसार थाहा पाएर छोरीहरू पनि छोरा जस्तै हुदा रहेछन् भन्ने कुराको अनुभव गरेको उहाँले बताउनु भयो । जसको परिणाम स्वारुप अहिले पनि उहाँलाई समाजले राम्रो नजरले हेर्ने र त्यहि प्रकारको सम्मान दिने गरेको छ ।

अहिले सानी दिदीसँग पोखरा बैदाममा उनको बुवाबाट पाएको एउटा घर छ । उहाँको श्रीमानको पहिले नै मृत्यु भईसकेको छ, र अहिले उहाँ आफ्नो छोरा बुहारी र नातिनातिनीसँगै एकै घरमा बस्दै आउनुभएको छ । उहाँ आफ्नो छोरी नभएता पनि नाति नातिनीलाई नै

समान सम्पत्ति दिनुपर्छ भन्ने विचार आफ्नो छोरालाई बेलाबेला दिइरहनु हुन्छ । र परिवारमा महिलालाई पनि समान अधिकार र सम्मान दिनुपर्छ भन्ने कुरामा उहाँ लगाएत सबै परिवार सचेत रहेको उहाँका छोराले पनि बताउनु भयो ।

**घटना अध्ययन ६**

पोखरा महानगरपालिका वार्ड नं. ६ कि ३८ वर्षकी तारा थापा  बिए सम्म अध्ययन गरेकि महिला हुन् । सानै देखि अलि आटिलि स्वाभावकि तारा अरु भाईबहिनी भन्दा अध्ययनमा रुचि भएकि छोरीमा गनिन्थिन । उनको अध्ययन स्नातकसम्म आउदा आमाको हेरचाहा गर्न पर्ने र घरायसी अन्य व्यवहारले गर्दा रोकियो । उनले यो पछाडीको समय आमाको हेरचाहामा नै बिताईन अन्ततः उनले आमाको स्याहार गर्दा गर्दै विवाहलाई पर सार्ने निधो गरीन् । आमाको स्याहार सुसार र आमाको मायाले गर्दा उनलाई अब बाँकि जीवन पनि विवाह नगरी बस्ने विचार आयो । तर बाँकि जीवन यापनको लागि उनलाई आर्थिक समस्या पर्न सक्ने सम्भावना थियो त्यसैले उनले बाँकि जीवन निर्वाह गर्न र आमाको हेरचाह गर्नलाई भाईसँग अंश पाउनु पर्ने कुरा राखिन् । आमाको पनि यहि विचारको कारणले उनले अन्ततः पैत्रीक सम्पती पनि पाईन । चार दिदी बहिनी र एक भाइ रहेका तारा थापा अहिले पनि अविवाहित हुन ।

तारा थापाले विवाह नगरी बसेकोले उनको पुर्खौली सम्पती पाएकी हुन् । ७२ वर्षीय आमालाईसँगै आफुसँगै राखेर बसेकि ताराको भाईले दूई ओटा घर पाउदा पनि उनले साढे दुई तलाको एउटा मात्र घर पाएकी छिन् । उनका अन्य दिदी बहिनीले ताराको जति पनि अंश नपाउदा उनले चाँहि आमाको हेरचाहा गरेको र विवाह नगरी बसेकाले नै उनले यो सम्पत्ति पाएको उनको ठम्याई रहको छ ।

घरभाडामा लगाएको आम्दानीले र उनले नजिकमै रहको प्राइभेट स्कुलमा शिक्षण गर्दै आमाको हेरचाहा गरेर अहिले सम्मको आफ्नो र आमाको घर खर्च चलाईरहेको उनले बताउछीन । अहिलेको यो यूगमा पनि छोरा छोरीलाई विभेद गरेकामा उनलाई पनि नराम्रो लाग्छ । यस प्रकारको असमान व्यवहार हटाउनलाई कानूनमा नै परिवर्तन गरेर मात्र सम्भव हुने उनको विचार छ ।

**घटना अध्ययन ७**

पोखरा महानगरपालिका वार्ड नं. ६ स्कुल पाटनकी भगवती पौडेल अहिले ६५ वर्ष पुग्नुभयो । सामान्य लेखपढ गर्न सक्ने भगवतीको बाल्यवस्था राम्रो नै रहेको बताउनुहुन्छ । बुवाको एक मात्र सन्तान भएर पनि त्यो समयको अवस्था अनुसार उहाँले आफुले पढ्न नपाएको बताउनुहुन्छ भगवती । "परिवारको एक मात्र सन्तान भएकोले बाल्यवस्था त मेरो एकदमै सुखसयल र माया ममता पाएर नै बित्यो नि" भगवतीले आफ्ना बालापन सम्झदै बताउनुहुन्छ ।

सत्र वर्षको उमेरमा विवाह गरेकि भगवतीका अहिले तीन छोरी र दुई छोरा गरी जम्मा पाँच सन्तान छन् । जसमध्ये एक छोराको मृत्यू भईसकेको छ । त्यो समयमा धेरै दुःख कष्ट गरेर जिविका चलाएर अगाडी बढेको कुरा बताउदै गर्दा भगवती भावुक बन्नुभयो ।

विवाह पछि पनि उहाँको संघर्षका कथा कम नभएको उहाँ बताउनुहुन्छ । यहि दुख देखेर अनि उहाँको बुवाका अरु कोहि छोराहरू नभएको कारणले पनि कान्छा छोराको जन्म भईसके पछि मात्र बुवा बिरामी पर्नुभएको अवस्थामा भेट्न र स्याहारसुसार गर्न जादै गर्दा बुवाले उहाँको नाममा पक्की घर, एक रोपनी जग्गा पास गर्दिनुभएको कुरा उहाँले बताउनु भयो । यसरी बुवाबाटको सम्पती पाउदा उहाँलाई आफ्नो व्यवहारीक जीवनमा सहजता त भयो तर समाजले पछिसम्म पनि माईतीको सम्पतीमा राज गर्यो भन्दै उहाँको श्रीमानको कुरा काट्दा चाँहि किन छोरीले चाँहि आफ्नै आमाबुवाको सम्पत्ति खादा नि श्रीमानलाई किन त्यस्तो भनेका होलान् जस्तो लाग्ने गरेको तर समयसँगै सबै कुरा ठिक हुदै गएको उहाँले बताउनु भयो । अहिले चाहिँ छोरीले पनि छोरा सरह आमाबुवाको सम्पत्तिमा समान अधिकार पाउनु आवश्यक छ कि छैन भन्दा उहाँको जवाफ सबैले मानेर र सम्भव भए त सबैले पाउदा राम्रो हुने सबै छोरा छोरी आफ्नै सन्तान रगत भएकोले रामै हुन्थ्यो भन्नुहुन्छ ।

**घटना अध्ययन ८**

उच्च शिक्षासम्म अध्ययन गरेकी पोखरा महानगरकी शारदा शारीरीक रूपमा अशक्त हुनुहुन्थ्यो । उहाँको निम्ति शारीरीक अशक्तता आफैमा पिडाको अवस्था थियो । झन त्यसमै पनि टाढाको मानिससँग विवाह भयो । शारीरीक अशक्तता भएकी छोरीलाई टाढा नपठाउने र एउटी छोरीलाई आफुहरूकै नजिकमा राख्ने विचार गरेर उहाँका बुवा आमाले ८१० मिटर जग्गा र गरी खाउ भनेर तीन तलाको घर छोरीको नाममा गरीदिएर उहाँलाई आफुसँगै

राख्नुभयो । अहिले शारादा तीन तलाको घरलाई भाडामा लगाएर त्यसबाट आउने आम्दानीले घरव्यवहार चलाउदै आउनुभएको छ ।

बाहिरी रुपमा देखिने प्रकारले पारिवारीक झमेला नभएता पनि सम्पत्ति दिएकोमा भाईले मन दुखाउ गरेको कुरा उहाँले सम्झनु भयो । यसरी उहाँले पाएको सम्पत्तिमा अरुहरूले खासै त्यस्तो कुरा नउठाए पनि अपाङ्ग भएकै कारण दया मायाँको कारण सम्पत्ति पाएको भन्ने प्रकारका कुराहरू समाजमा हुने गरेको विगत सम्झिनुहुन्छ शारदा । अहिले उहाँले पाउनु भएको सम्पत्तिले आनन्दको जीवन जिउन सकेकोमा खुशी हुनुहुन्छ । साथै पैतृक सम्पत्ति पाएकाले परिवारमा आमालाई साथमा राखेर आमालाई बृद्ध अवस्थामा खुशी राख्न सकेको उहाँले बताउनु भयो । यदि बुवाले यति सम्पत्ति नदिनुभएको भए आफैलाई पालिन मुस्कील पर्ने थियो आमालाई कसरी पाल्न सक्थे होला र ? शंका व्यक्त गर्नु भयो ।

अन्तमा उहाँ पनि आफुले दया मायको आधारमा त्यति सम्पति पाए पनि नेपालका धेरै छोरी चेलीहरूले पैत्रीक सम्पतिमा पहुच पाउन नसकेकोमा दुखी हुदै छोरा समान अधिकार हुनुपर्नेमा जोड दिनुहुन्छ ।

**घटना अध्ययन ९**

पोखरा महानगरपालिका वार्ड नं. ६ बैदाममा बस्दै आउनुभएकी ४० वर्षीय पार्वती के.सी. पनि पैतृक सम्पती पाउने विवाहित महिला हुन् । सामान्य परिवारमा जन्मनुभएकि के. सी. का आमा बुवाका पार्वती लगाएत अरु दूई भाईहरू पनि छन् । सामान्य परिवार भए पनि उहाँका बुवाले भएकी एउटी छोरीलाई जति सक्छु मेरो चिनो दिन्छु भनेर आफुसँग भएको सम्पत्ति भाईहरूलाई भाग लगाइदिदा छुट्याईदिनुभएको थियो । "विवाह भैसकेकी छोरी म, बुवाले सम्पत्ति दिन्छु भन्नुभयो भाईहरूले केहि भन्ने हुन कि भन्ने ठूलो डर थियो तर भएकी एउटी दिदी भनेर हो कि बुवाले त दिईसक्नुभयो भनेर हो कसैले पनि केहि भनेनन्," पार्वतीले सुनाउनुभयो ।

उहाँसँग अहिले आमाबुवाबाट पाएको ५ आना जग्गा र त्यसमा बनेको घर छ । साथै उहाँको पतिको तर्फबाटको केहि सम्पती पनि रहेको छ । "हाम्रो प्रेम विवाह भएको हो । हामी श्रीमान श्रीमतीले जीवनमा धेरै दु:ख, सुख सँगै बाडेका छौ । श्रीमान राम्रो परेर पनि हो कि यो माईतीबाट आएको सम्पत्तिको कारणले हो, हामी दुई बीच निकै राम्रो सम्बन्ध रहेको छ ।" के.सी.ले निकै मिठो लाग्ने कुरा सुनाउनुभयो । "हुन त माईतीबाट पनि अरु भाईहरू

सरह सम्पत्ति पाउँदा त महिलाहरूलाई केहि श्रीमानबाट केहि माया र सम्मान बढि नै मायाँ त पाईन्छ" नि के.सी.ले अगाडी थप्नुभयो ।

बुवाबाट सम्पत्ति पाईसके पछि समाजले तपाईलाई हेर्ने नजर कस्तो रह्यो भन्ने सन्दर्भमा "समाज र मानिसले त के के भने भने नि ।" भाईहरूको सम्पत्ति खाएर अब भाईहरूलाई जोगि बनाउछे भाईहरूलाई अप्ठेरोमा पारि भनेर धेरैले कुरा काट्ने र कहिले काँहि आफुलाई पनि नराम्रो लागेको बताउनु भयो । तर बुवाबाट पाएको सम्पत्ति भन्दा एक पैसामा पनि भाईहरूलाई नराम्रो नगरेको र भाईहरूसँग सधै भरी मिलापमा रहेकोले समाजको कुरा काट्ने बानी रोकिसकेको उहाँले बताउनु भयो ।

आफुले त बुवाबाटको सम्पत्ति पाए पनि अझै पनि सबैले यसरी छोरा सरह समान सम्पत्ति पाउन नसकेकोमा दुःख लाग्ने कुरा उहाँले बताउनुभयो । आफ्ना भएका एक छोरा र एक छोरीलाई जति पर्छ समान रुपमा सम्पत्ति दिने कुरामा के.सी. जोड दिनु हुन्छ ।

**घटना अध्ययन १०**

पोखरा महानगर वार्ड नं. ६ बैदाममा माईती भएकी ५६ वर्षीय शान्ति श्रेष्ठ (नाम परिवर्तन) अहिले काठमाण्डौमा विवाह गर्नु भएको छ । तर उहाँ अहिले बुवाआमा र ठूली आमासँग पोखरामा बस्दै आउनुभएको छ । शान्तिले पनि उहाँका बुवा आमाको अरु कुनै सन्तान नभएकोले नै पैत्रीक सम्पती पाउन सकेको बताउनुभयो ।

अहिले उहाँसँग पैत्रीक सम्पतीको रूपमा पाएको घर, जग्गा, जमिन र सवारी साधन पनि रहेको छ। घर भाडामा दिएको आम्दानीबाट नै घरायसि सबै खर्च चलाउदै आउनु भएको कुरा उहाँ बताउनु हुन्छ। उहाँले पाएको पैत्रीक धन सम्पती मात्र नभएर उहाँले पाउनुभएको शिक्षालाई पनि महत्वपुर्ण रूपमा उहाँले लिनुहुन्छ ।

शान्ति श्रेष्ठको कुरामा भने उहाँले बुवा आमाबाट पैतृक सम्पति पाउदा परिवारमा कुनै प्रकारको अप्ठेरो र कलह नभएको उहाँले बताउनु भयो । समाजले पनि परिवारिक र घरायसी मामिला भएकोले कुनै प्रकारको अवरोध र नराम्रो कुराको सामाना गर्न नपरेको उहाँको अनुभव रहेको छ ।

पैतृक सम्पत्तिमा समान अधिकार हुन सकेमा समाजमा सकरात्मक प्रभाव पार्न सकिने उहाँको विचार रहेको छ । नेपालको संविधानमा यस प्रकारका प्रावधान व्यवस्था भए पनि यसलाई व्यववहारमा उतार्न भने केहि समय लाग्ने उहाको ठम्याई रहेको छ। पैतृक सम्पत्तिमा

समान अधिकारको अभ्यास हुन सकेमात्र पनि समाजमा महिला माथि हुने अन्याय र विभेदमा कमि आउने उहाँको धारणा रहेको छ ।

पैतृक सम्पत्तिको प्राप्ती पछि बाबु आमा पाल्ने दायीत्वको बारेमा कुरा गर्दा आफ्नो त सम्पत्ति खाने पनि आफै आमाबुवाको पालन पोषण गर्ने पनि उहाँ आफै नै हुनुभयो । वास्तवमा आमा बुवा यसले नै पाल्ने भन्दा पनि जो कोहिले आफ्नो दायीत्व सम्झेर गर्नुपर्ने कुरा उहाँले बताउनुहुन्छ । बुवाआमा सबै सन्तानका हुन् सबैलाई उस्तै मायाँ ममता दिएर हुर्काएका हुन् भने किन दायीत्व खोजीरहने सबै राम्रोसँग हेरचाहा गरे हुन्छ नि । शान्तिले भन्नुहुन्छ ।

**घटना अध्ययन ११**

५५ वर्षिय दुर्गा कुवँर सामान्य लेखपढ गर्न सक्ने अविवाहित महिला हुनुहुन्छ । अहिले उहाँ भाईबुहारीसँग बस्दै आउनु भएको छ । "सानो छदा मेलापात खेतीपाती गर्नमा नै व्यस्त भैयो राम्रोसँग पढ्न पाईएन । जमना पनि छोरीलाई धेरै पढाउन हुदैन भन्ने थियो । त्यसैले पढिएन । घरको काम धन्दा गर्ने मेला पात गर्दा नै समय वित्थ्यो छोरी मान्छे वैशमा यताउता गरिएन विस्तारै समय वित्यो पछि विवाह गर्न सबै कुराको बोझ लिन मन मानेन अनि त्यतिकै विवाह नगरी बसियो । बुवाले छोरा सरह नै गरी आफुसँग भएको जायजेथाको केहि अंश भए पनि दिनुभयो । अनि त झनै बुवा अनि यो परिवारलाई छोडेर कतै जाने सोच्नै सकिन ।" दुर्गाले आफ्नो विगत सम्झीदै बताउनुभयो । पहिले नै मृत्यु भईसकेको आमा बुवालाई सम्झेर मलिन हुदै भन्नु भयो ।

उनको सौतेनी आमाका दुई भाईलाई दुई भाग र दुर्गाको आमा तर्फ दुर्गा र उनको भाईलाई गरी उनको वुवाको भएको जम्मा सम्पत्तिलाइ चार भाग लगाएर भाग बन्डा गरीएको थियो । त्यो समयमा केहि नकारात्मक कुरा गर्दै भाईहरूलाई उचालेर झगडा पार्ने प्रयास पनि गरिएको उनी बताउनुहुन्छ । तर आफ्ना भाईहरूको बुझ्ने मन भएको र आमा बुवाले नै छुट्टाएर दिनुभएकोले सो सम्पत्तिमा कसैले दाबी र लफडा गर्न नसकेको उहाँले बताउनुहुन्छ । अहिले उहाँले आफ्नो जिविका गरि आफैमा निर्भर रहेर व्यवहार चलाउन सकेकोमा समाजले राम्रो नजरले हेर्ने गरेको उहाँले बताउनु भयो ।

समाजमा अहिले सबैमा छोरा छोरीलाई सम्पत्तिमा समान अवसर नभएता पनि त्यो समयमा नै आफुले बुवाको पैतृक सम्पत्ति पाउन सफल भएकामा कुवँर खुशी व्यक्त गर्नुहुन्छ । अहिले विवाह नगरे पनि बुवाबाट भएको पैतृक सम्पत्ति छ यसैबाट चलाईरहेको छु

कुवँर भन्नुहुन्छ । विवाह गयौ, श्रीमान, छोरा छोरी के हुन्थ्यो कस्तो हुन्थ्यो ? त्यो बेलामा विवाह गरिएन ठिकै छ अहिले नि । बृद्धा अवस्थामा साहारा चाहिएला कि जस्तो लाग्थ्यो पहिले पहिले तर भाईबुहारी र सबै परिवारले पनि राम्रो व्यवहार र मायाँ सदभाव रहेकोले कुनै पछितो नरहेको उहाँले बताउनुभयो ।

**घटना अध्ययन १२**

सीता गुरुङ्ग (नाम परिवर्तन) जन्म पोखरा महानगरपालीकामा भएको । पेशाले सामाजिक कार्यकर्ता । वर्षौसम्म सामाजिक संस्थाको माथिल्लो पदमा रहेर काम गर्नु भएको । देशका विभिन्न समाज र परिवेशको अध्ययन र अवलोकन गर्नु भएकि सीता अझै पनि देशमा पैतृक सम्पत्तिमा समान अधिकारको अभ्यास हुन नसकेको बताउनुहुन्छ । अझै पनि देशमा महिलाले पैतृक सम्पत्तिमा समान अधिकार पाएका उदाहरणहरू मुस्कीलले भेट्न सक्ने अवस्था रहेको उहाँको अनुभव रहेको छ ।

बुवा आमाले राम्रो शिक्षा दिक्षा दिनुभएको कारण उहाँले अहिले देश कै राम्रो सामाजिक संस्थालाई नेतृत्व दिन सकेको बताउनु हुन्छ । समाज सेवा विकासका क्षेत्रमा लामो समय काम गर्नु भएकी सीता आफ्नै कमाईमा बाँच्न रमाउन सक्ने अवस्थामा हुनुहुन्छ । समाजमा उहाँको राम्रो मान सम्मान रहेको छ । उहाँ स्वयम्ले जोड्नुभएको सम्पत्तिको अलवा अहिले उहाँसँग पैतृक सम्पत्ति पनि रहेको छ । उहाँले पोखरा महानगर वार्ड नं. ६ मा पाँच आनामा बनेको तीन तलाको घर पैतृक सम्पत्तिको रुपमा पाउनु भएको छ ।

पहिले देखि नै सामाजिक काममा अग्रसर रहेर आफ्नै गाँउ ठाँउमा पनि राम्रो छाप पार्नु भएकी सीताले बुवाबाट पैतृक सम्पत्ति पाउँदा परिवार र समाजबाट त्यस्तो कुनै नराम्रो व्यवहार भोग्नु परेको छैन । उहाँ स्वयम आफै महिला पुरुष समान बताउदै हिड्ने भएकाले पनि उहाँले आएका कुनै कुरालाई पनि वास्ता नगर्नु भएको उहाँ बताउनु हुन्छ ।

म आफै पनि आफ्नो खुट्टामा उभिन सक्ने भईसकेको थिँए । मलाई आमा बुवाको सम्पत्ति नै कुर्नु पर्ने आवश्यकता त थिएन तर पनि बुवाले नै तिमी पनि हाम्रै सन्तान हौ हाम्रो जे जति छ त्यसमा तिम्रो पनि हक लाग्छ हामी तिमीलाई पनि केहि सम्पत्ति भाग लगाई दिन्छौं भन्नु भए पछि ठिकै छ भनेर लिएको उहाँको अनुभव रहेको छ ।

बुवा आमाबाट सम्पत्ति पाए पछि आफु पुर्ण सक्षम हुदा पनि एक प्रकारको छुट्टै अनुभुति हुने रहेछ । म पनि उहाँकै अंश हो म उहाँहरूकै सन्तान हो भन्ने भाव

आउदोरहेछ । अंश पाइसके पछि पनि परिवारमा सबै सदस्यसँग उहाँको राम्रो सम्बन्ध रहेको उहाँले बताउनु भयो । भाई बुहारीसँग पनि उहाँको राम्रो सम्बन्ध रहेको छ । दुई छोरीहरू पनि शिक्षा हासिल कै क्रममा रहेको छन् । र उहाँको श्रीमानसँगको सम्बन्ध पनि सुमधुर र राम्रो रहेको छ ।

**<u>घटना अध्ययन १३</u>**

पोखरा महानगरपालिका वार्ड नं. ६ मा बस्ने शान्ति गुरुङ्ग एक शिक्षीत महिला हुन् । बुवा ब्रिटिस सेनामा रहेदा नै उहाँको जन्म भएको थियो र सानै उमेरमा उहाँ पनि बेलायत गए पछि आफ्नो प्राथमिक शिक्षा बेलायतमा नै गर्नुभयो । उहाँको परिवार लामो समय उतै बस्नुभयो । बुवा ब्रिटिस सेनामा रहेर लामो समय विदेशमा बस्नुभएकोले उहाँमा ब्रिटिस संस्कृतिको प्रभाव रहेको थियो । त्यसकारण आफ्ना छोरा र छोरीलाई शिक्षा सम्पत्ति जस्ता आधारभुत कुराहरमा समान अवसर दिनुपर्छ भन्ने मान्यता रहेको थियो ।

अनि सानो परिवारमा प्रयाप्त पुग्ने प्रकारले धन सम्पत्ति पनि पुग्दो मात्रामा भएकोले पनि छोरा र छोरीलाई राम्रो शिक्षा दिक्षा दिन सक्नु भयो । अहिले उहाँको भाई काठमाण्डौंको एक अस्पतालमा डाक्टर हुनुहुन्छ । श्रीमति र एक छोरीसँग बस्ने भाईको परिवार पनि खुशी नै छ ।

शान्तिको बुवाले शान्तिलाई पनि आफ्नो भएको सम्पत्तिलाई बराबर भाग लगाएर दिनु भयो । बुवाको सम्पत्ति बाँडफाड हुदा परिवारमा त कुनै पनि अप्ठेरो र बाधा भएन तर समाजबाट चाँहि सुरुवातका दिनमा बेलायतमा दुईचार वर्ष बसेकोले विदेशी चलन चलाउन खोज्यो भनेर पनि मानिसले भन्ने गरेको कुरा शान्तिले बताउनु भयो ।

दुई छोराकी आमा शान्तिको पोखरामा आफ्नै व्यवसाय रहेको छ । अहिले परिवारमा श्रीमानसँग राम्रो सम्बन्धमा रहनुभएको छ । श्रीमानको पनि आफ्नै काम रहेकोले र आफुले बुवाबाट पाएको सम्पत्तिको कारण पनि अहिले हरेक कामकार्य गर्नलाई हरेक कुरामा सजिलो भएको उहाँको अनभव रहेको छ । परिवारमा सुमधुर सम्बन्ध रहेको छ । परिवारका हरेक निर्णयमा परिवारका सबै सदस्य सहभागी रहेर हुने गरेका छन् ।

समाजमा अहिले पनि शान्तिको राम्रो मान मर्यादा कायम रहेको छ । परिवारको आर्थिक अवस्था रहेकोले समाजका हरेक कार्यमा राम्रो सहभागीता रहने गरेको र सबैले राम्रो नजरले हेर्ने गरेको उहाँको अनुभव रहेको छ ।

**घटना अध्ययन १४**

पोखरा महानगरमा घर भएकी शर्मिला मगर सामान्य परिवारमा जन्म भएकि महिला हुनुहुन्छ । उहाँका बुवाका चार जना छोरीहरू मध्ये शर्मिला कान्छि छोरी हुनुहन्छ । मगर परिवारमा जन्म भएकाले धेरै पढ्नुपर्छ समाजमा केहि राम्रो गर्नुपर्छ भन्ने परिवारको विचार नै हुदैनथ्यो ।

त्यसकारण सानै उमेरमा उहाँको विवाह भयो । ठुलो परिवार भए पनि उहाँको बुवाको तनहुमा जायज्येथा राम्रो थियो । उहाँको बुवाका पनि छोराहरू थिएनन् । अन्ततः बुवाले आफ्नो भएको सम्पत्ति सबै छोरीहरूलाई भाग लगाई दिनु भयो । सबै छोरीहरूले सम्पत्ति पाए पछि आफ्नो आफ्नो गरेर खानलाई अप्ठेरो भएन । २०६३ सालमा शर्मिला तनहुमा भएको आफ्नो बुवाले दिएको जग्गा बेचेर पोखरामा आउनु भयो । अहिले उहाँको बुवाले दिनुभएको जग्गाको पैसाले उहाँले पोखरामा एउटा घडेरी लिएर त्यसमै सानो घर बनाउदै हुनुहुन्छ । उहाँहरू श्रीमान श्रीमती मिलेर पोखरामा व्यापार गर्नु हुन्छ । व्यपारबाट जम्मा भएको पैसाले उहाँहरू घर व्यवहार चलाउने, छोरा छोरी पढाउने गरिरहनु भएको छ भने केहि वर्षमा जम्मा भएको पैसाले घर बनाउने उहाँहरूको योजना रहेको छ । बुवाले सबै छोरीहरूलाई सम्पत्ति दिदा त्यस्तो खासै कुनै गाह्रो अप्ठेरो नभएको उहाँको अनुभव रहेको छ । तनहुको जग्गा बेचविखन गर्ने बेलामा त्यस्तो कुनै प्रकारको बाधा नआएको उहाँहरूको अनुभव रहेको छ ।

पैतृक सम्पत्तिमा समान अवसरले समाजमा राम्रो प्रभाव पार्ने उहाँको अनुभव रहेको छ । अहिलेको अवस्थामा कानुन र नितिमा जे भए पनि छोरा नभए मात्र छोरीलाई दोस्रो विकल्पको रुपमा राखेर अधिकार दिने गरेको उहाँको अनुभव रहेको छ । परिवारमा श्रीमतीले पनि पैतृक सम्पत्ति लिएर आउदा उनको पनि छुट्टै अस्तीत्व हुने र स्थान पनि राम्रो हुने उहाँको भनाई रहेको छ । अहिले परिवारमा राम्रो सम्बन्ध रहेको छ । साथै माईतीमा बुवाआमासँग पनि उहाँको राम्रो सम्बन्ध छ । समाजका विभिन्न सामाजिक क्रियाकलापमा पनि शर्मिलाको राम्रो व्यवहार र अवस्था रहेको छ । अहिले उहाँको बुवाआमा जेठी छोरीसँग नै तनहुमा नै बस्ने गर्नुहुन्छ । समय समयमा भेटघाट गर्न जाने गरेकी शर्मिलाले बुवाआमाको घरायसी खर्चको निम्ति नियमीत रुपमा केहि रकम पठाएर सहायता गर्ने गर्नुहुन्छ ।

## सन्दर्भ सामाग्री

आचार्य, शुसिला (२०७४), अनलाइन खबर, शाश्विन ३२, (पृ.७ : २२) ।

ओझा, घनानाथ (२०६७), नेपालमा महिला, काठमाडौं : पैरवी बुक हाउस ।

ऐन्गेल्स, फ्रेडरिक (२०५६), परिवार निजी स्वामित्व र राज्यको उत्पत्ति, काठमाडौं : प्रगति प्रकाशन ।

चलिसे, चक्रपाणी (२०३७), मनुस्मृति, काठमाडौं : नेपाल भाषा प्रकाशन समिति ।

जर्ज, रिचडर (१९९६), Modern Sociological Thery, McGraw Hill Company New Delhi.

जोशी, हरिराम (२०३०), नेपालको प्राचीन अभिलेख, काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान ।

ढुङ्गेल, मुरारी (२०१४), समाज विकासमा महिला, गोर्खापत्र अनलाईन ।

तथ्याङ्क कार्यलय पोखरा (२०७४), जिल्ला वस्तुगत विवरण ।

थापा, मञ्जु (२०६५), महिला आन्दोलनमा अस्मिता : अस्मिता, अंक ६६, पृ. ४-१४ कार्तिक/ मंसिर ।

नेपालको अन्तरिम संविधान (२०७२), कानून किताब व्यवस्था समिति ।

नेपालको अधिराज्यको संविधान (२०४७), कानून किताब व्यवस्था समिति ।

पन्त सरोज (२०५६), सम्पत्तिमा समान अधिकार आलोचना र आपत्तीहरूको उत्तर छापामा महिला, बन्त प्रत्युस, गौतम शोभा, बास्कोटा अमृता, डेनिस अन्तराष्ट्रिय विकासको सहयोग नेपाल प्रेस इन्स्टिच्युट त्रिपुरेश्वर, काठमाडौं ।

पौडेल, तुलसीराम (२०६०), नेपाली समाजमा महिला अधिनता र पितृसत्तात्मक पारिवारिक संरचना बीचको सम्बन्ध, स्नातकोत्तर तह शोधपत्र त्रि.वि. ।

भण्डारी, सृजना (२०१८) नयाँ नेपाल निर्माणमा महिला सहभागिता, काठमाडौं : चौतारी ।

मिश्र, चैतन्य (२०६७), अंशमा समान हक र सामाजिक उटलपूटल बद्लिदो नेपाली समाज, राजेन्द्र महर्जन सं. पृ. ५१-५६, ललितपुर : फाईनप्रिन्ट आइएनसी ।

सिंह, टोपबहादुर (२०५७), नेपाल संविधान संवैधानिक कानून, काठमाडौं : कानूनी पाठ्यपुस्तक प्रकाशन समिति नेपाल ।

श्रेष्ठ, ज्ञानेन्द्र बहादुर (२०६७), मुलुकी ऐन, एक टिप्पणी, पैरवी प्रकाशन ।

श्रेष्ठ, अमन (२०७२), संवैधानिक विकासक्रम तथा नेपालको संविधान, राष्ट्रिय सूचना मञ्च काठमाडौं ।

Acharya, Meena (1979), Statistical Profile of Nepalies Women: A critical Review VI. PI status of women in Nepal (CEDA) Ktm.

Acharya, Meena (1997), Gender Equality and Empowerment of Women UNFPA, A status Report.

Aryal, B. (2062), Gender Studies, Kathmandu: Dikshyanta Pustak Prakashan.

Bennet, L. (1983), Dangerous Wives and Secred Sister, New Yourk: Columbia University Press.

Bhattarai, S. (2006), Gender Studies, Kathmandu: National Book Center.

Metha, Mona (1991), Dictionary of Anthropology (2nd Ed.). New Delhi: Bikash Publishing House.

## अन्तवार्ता अनुसूची

उत्तरदाताको नाम थर : लिङ्ग : पुरुष ☐ महिला ☐

पारिवारिक बनावट : क) संयुक्त ☐ ख) एकल ☐

विवाहित/ अविवाहित : जात/ जाति नगरपालिका

धर्म : शिक्षा : पेशा/ व्यवसाय :

१. तपाईलाई पैतृक सम्पत्तिमा महिला अधिकारको बारेमा केही थाहा छ ?

क) थाहा छ ख) थाहा छैन ग) राम्ररी थाहा छैन

२. तपाईलाई पैतृक सम्पत्तिमा महिलाको अधिकार दिने कुरा कस्तो लाग्छ ?

क) राम्रो ख) नराम्रो ग) मतलब छैन

३. पैतृक सम्पत्तिमा महिलाको अधिकार कायम किन नभएको होला ?

क) पितृसतात्मक समाज भएकोले ख) कानूनको कार्यान्वयन नभएकोले

ग) चेतनाको कमी घ) थाहा भएन

४. छोरीलाई छोराले पाए सरह सम्पत्ति दिनुपर्छ ?

क) पर्छ ख) पर्दैन ग) छोराछोरी दुवैलाई दिनुपर्दैन

५. छोरा र छोरीलाई पैतृक सम्पत्तिको समान वितरण पश्चात परिवार बिचको सम्बन्ध कस्तो हुन्छ ?

क) सकरात्मक सुधार हुन्छ ख) नकारात्मक परिवर्तन हुन्छ ग) कुनै फरक पर्दैन

६. "पैतृक सम्पत्तिमा महिलाको अधिकार" भएमा छोरा र छोरीमा कसले बढि प्राथमिकता प्राप्त गर्दछ ?

क) छोरीले ख) छोराले ग) दुबैलाई बराबर घ) दुबैलाई कम

७. "पैतृक सम्पत्तिमा महिलाको अधिकार" को वितरणले समाजमा कस्तो प्रभाव पार्ला?

क) सामाजिक विकास हुन्छ ख) खराब मानसिकताको विकास हुन्छ

ग) पहिले जस्तै अवस्था हुन्छ

८. तपाईसँग भएको सम्पत्ति कसलाई दिनुहुन्छ ?

क) छोरालाई ख) छोरीलाई ग) दुबैलाई दिने घ) दुबैलाई नदिने

९. "पैतृक सम्पत्तिमा महिलाको अधिकार" भए पछि आमाबाबु पाल्ने दायित्व कसमा रहन्छ ?

क) छोरामा ख) छोरीमा ग) दुबैमा

१०. सम्पत्तिमा समान अवसर भएमा सम्पत्तिको भाग वण्डा छोरीको विवाह पूर्व वा पछि गर्नु पर्ला ?

क) विवाह पूर्व गर्नु पर्छ ख) विवाह पछि गर्नु पर्छ

ग) निश्चित उमेर पछि गर्नु पर्छ घ) सहमतिमा जहिले गरे पनि हुन्छ

११. "पैतृक सम्पत्तिमा महिलाको अधिकार" बाट महिलाहरू पुरुष सरह सक्षम र स्वाबलम्बी हुन्छन् ?

क) हुन्छन् ख) हुँदैनन् ग) झन अल्छि हुन्छन्

१२. यसबाट महिलामाथि हुने शोषणको अन्त्य हुन्छ वा हुदैन ?

क) शोषण अन्त्य हुन्छ ख) शोषण झन बढ्छ ग) कुनै परिवर्तन हुँदैन

१३. पैतृक सम्पत्तिमा महिलालाई अधिकार दिइनाले महिलामा हुने घरेलु हिंसामा कमी आउँछ ?

क) आउंछ ख) आउँदैन ग) थाहा छैन

१४. महिलालाई सम्पत्तिमा अधिकार दिइनाले उनीहरूको सम्मान पहिले कै अवस्थामा हुन्छ कि बढ्छ ?

क) बढ्छ ख) उस्तै हो ग) बढ्दैन

१५. यस किसीमको हक अधिकारले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति आफ्नो ईच्छा अनुसार चलाउन सक्छन् ?

क) सक्छन् ख) सक्दैनन् ग) सल्लाहको आवस्यकता पर्छ